# राष्ट्रिय जनमोर्चाको
# चुनावी घोषणा पत्र २०७०

## राष्ट्रिय जनमोर्चाका प्रत्यक्ष र समानुपातिक उम्मेदवारहरूलाई जिताउन अपिल

राष्ट्रिय जनमोर्चाले गणतन्त्रलाई संस्थागत गरौँ, राष्ट्रियताको रक्षा गरौँ, सङ्घीयताको विरोध गरौँ नाराहरूका साथ संविधान सभाको चुनावमा भाग लिँदैछ ।

देशमा गणतन्त्रको स्थापना भएको भए पनि त्यो समाप्त हुने गम्भीर खतरा छ । त्यसकारण गणतन्त्रलाई संस्थागत गर्नु ऐतिहासिक महत्वको कार्य बनेको छ । संविधान सभाद्वारा लोकतान्त्रिक संविधानको निर्माण गरेर नै त्यो कार्य पूरा हुन सक्नेछ । राष्ट्रियताका अगाडि पनि गम्भीर खतरा उत्पन्न भएको छ । ठूलो सङ्ख्यामा विदेशीहरू नेपालका नागरिक बनेर देशमा नेपालीहरूको भन्दा विदेशीहरूको वहुमत बन्ने र देश फिजी बन्ने खतरा बढ्दैछ । देश सिक्किम बन्ने खतरा पनि गम्भीर बनेको छ । त्यो अवस्थामा राष्ट्रियताको रक्षामा विशेष जोड दिनु राष्ट्रिय आवश्यकता भएको छ ।

सङ्घीयताका कारणले देशमा जातीय र क्षेत्रीय विग्रह तथा राष्ट्रिय विखण्डनको स्थिति उत्पन्न हुँदैछ । सङ्घीयतासित जोडिएर आएका जातीय राज्य, आत्मनिर्णयको अधिकार, पृथक बन्ने अधिकार सहितको आत्मनिर्णयको अधिकार, वहुराष्ट्रवाद, जातीय अग्राधिकार समेतका कारणले स्थिति अरू गम्भीर बनेको छ । त्यस प्रकारको पृष्ठभूमिमा हाम्रो पार्टीले एकातिर, सामन्ती र केन्द्रीकृत एकात्मक प्रणाली र अर्कातिर, सङ्घीयताको विरोध गर्दै प्रजातान्त्रिक विकेन्द्रियता र स्थानीय स्वायत्त शासनमाथि आधारित एकात्मक प्रणालीको स्थापनामा जोड दिन्छ ।

अर्थतन्त्रमा विदेशी शक्तिहरूको बढ्दो प्रभाव, उच्च राजनैतिक स्तरमा बढेको व्यापक भ्रष्टाचार, राष्ट्रिय सम्पत्तिको दलगत स्वार्थका लागि दुरुपयोग र प्रशासन यन्त्रको भ्रष्ट तथा नोकरशाही स्वरूप समेतका कारणले सम्पूर्ण राष्ट्रिय अर्थतन्त्र, कृषि, विकास कार्यहरू अवरुद्ध भएका छन् र त्यसले गर्दा जनताका सबै समुदायहरूको जीवन झन्पछि झन् कष्टप्रद: बन्दै गएको छ ।

यो आम रूपमा थाहा भएको कुरा हो कि देशको सम्पूर्ण राजनीति र गत कालका विभिन्न संसदहरू र संविधान सभामा पनि राष्ट्रिय जनमोर्चा र त्यसका सांसद वा सभासदहरूले अत्यन्त इमान्दारिता र दृढतापूर्वक आफ्ना घोषित नीतिहरूका पक्षमा अडान लिँदै र सङ्घर्ष गर्दै आएका छन् । त्यस सिलसिलामा राष्ट्रिय जनमोर्चाका सांसदहरूको अत्यन्त उज्ज्वल भूमिका रहेको कुरा देशव्यापी रूपमा नै थाहा भएको कुरा हो ।

राजमोको त्यस प्रकारको उज्ज्वल र गौरवपूर्ण इतिहासका कारणले त्यसका उम्मेदवारहरू ठूलो सङ्ख्यामा संविधान सभामा पुगेपछि नै उनीहरू सशक्त भूमिका खेल्न सक्ने कुरा प्रष्ट छ । त्यसैले लोकतान्त्रिक संविधानको निर्माण सुनिश्चित गर्न, गणतन्त्रलाई संस्थागत गर्न, राष्ट्रियताको रक्षा गर्न, जातीय र क्षेत्रीय विग्रह वा राष्ट्रिय विग्रहको स्थिति उत्पन्न हुने प्रकारको सङ्घीयतावादी, जातिवादी वा क्षेत्रीयतावादी संविधानको निर्माण हुन नदिन तथा जनताका प्रगतिशील र न्यायपूर्ण मागहरू पूरा गर्न समेत ठोस भूमिका खेल्न हामीले राष्ट्रिय जनमोर्चाका प्रत्यक्ष र समानुपातिकतर्फका उम्मेदवारहरूलाई आफ्नो अमूल्य मत दिएर ठूलो सङ्ख्यामा जिताउन सम्पूर्ण जनतासित अपिल गर्दछौँ ।

चित्रबहादुर के.सी.
अध्यक्ष, राष्ट्रिय जनमोर्चा

# राष्ट्रिय जनमोर्चाको घोषणा पत्रको
# मुख्य राजनीतिक पक्ष

**आगामी संविधान सभाको चुनावको सन्दर्भमा राष्ट्रिय जनमोर्चाले घोषणा गर्दछ-**

१. संविधान सभाको चुनाव तोकिएको समयमा हुनु पर्दछ ।
२. **लोकतान्त्रिक संविधान :** संविधानसभा द्वारा लोकतान्त्रिक संविधानको निर्माण गरिनु पर्दछ ।
३. **सामन्ती र केन्द्रीकृत एकात्मक प्रणाली :** सामन्ती र केन्द्रीकृत एकात्मक प्रणालीको अन्त गरेर त्यसको ठाउँमा प्रजातान्त्रिक विकेन्द्रीयता र स्थानीय स्वायत्त शासनमाथि आधारित एकात्मक प्रणालीको स्थापना हुनु पर्दछ ।
४. **सङ्घीय प्रणाली :** सङ्घीय प्रणालीको विरोध र त्यससित जोडिएर आएका जातीय राज्य, आत्मनिर्णयको अधिकार, पृथक बन्ने अधिकार सहितको आत्मनिर्णयको अधिकार, एक मधेश एक प्रदेश, बहुराष्ट्रवाद जस्ता अवधारणाहरू अस्वीकार गरिनु पर्दछ ।
५. **राज्यको पुनर्संरचना :** देशका शोषित-पीडित जात/जाति, जनसमुदायहरूका हितहरू वा सामाजिक अवसर वा आर्थिक हितहरूको संरक्षण गर्ने गरी राज्यको पुनर्संरचना गरिनु पर्दछ ।
६. **पिछडिएका जातिहरूका भाषा, संस्कृति आदिको संरक्षण :** आदिवासी, जनजाति, अल्पसङ्ख्यक जाति र अन्य पिछडिएका जातिहरूका भाषा, संस्कृति आदिको संरक्षण, सामाजिक अवसर, आर्थिक उन्नति समेतका लागि प्रभावशाली प्रयत्न गरिनु पर्दछ ।
७. **प्रवासी वा आवासीय नेपालीहरूका हक र हितहरूको रक्षा :** संसारका विभिन्न देशहरूमा फैलिएका प्रवासी वा आवासीय नेपालीहरूका हक र हितहरूको रक्षाका लागि प्रभावशाली कदमहरू उठाउनु पर्दछ ।
८. **प्रवासी नेपालीहरूका मताधिकार तथा समानुपातिक र प्रतिनिधित्व :** विदेशमा बस्ने नेपाली नागरिक अर्थात् प्रवासी नेपालीहरूका लागि संविधान वा संसद्‌को चुनावमा मताधिकार तथा समानुपातिक रूपमा प्रतिनिधित्व सुनिश्चित गरिनु पर्दछ ।
९. **विभिन्न शोषित, उत्पीडित वर्ग र जनसमुहहरुका हक र हितको रक्षा :** मजदुर, किसान, महिला, जनजाति, युवक, मुस्लिम सहित अल्पसङ्ख्यक, दलित, सुकुम्बासी, बालबालिका, जेष्ठ नागरिक, विद्यार्थी, शिक्षक, बुद्धिजीवी, डाक्टर, नर्स, यातायात मजदूर, अपाङ्ग, राष्ट्रिय उद्योगपति, व्यापारी, लेखक, कलाकार, पत्रकार, तेस्रो लिङ्गी, प्रवासी नेपाली, आप्रवासी नेपाली, मधेश, तराई, कर्णाली सहित पिछडिएका क्षेत्र, सशस्त्र द्वन्द्वका कालमा पीडित, विस्थापित आदि सबैका हक, हितहरूको रक्षा गरिनु पर्दछ र उनीहरूका न्यायपूर्ण मागहरू पूरा गरिनु पर्दछ ।
१०. **मानव अधिकार र प्रेस स्वतन्त्रता :** मानव अधिकार र प्रेस स्वतन्त्रताको रक्षा हुनु पर्दछ ।
११. **जेलबन्दीहरूका हक र अधिकारहरूको रक्षा :** जेल बन्दीहरूका हक र अधिकारहरूको रक्षा हुनु पर्दछ र जेलहरूको आधुनिकीकरण गरिनु पर्दछ ।
१२. **भ्रष्टाचारमा नियन्त्रण :** भ्रष्टाचारमा नियन्त्रण गरिनु पर्दछ । राष्ट्रिय सम्पत्तिमा दुरूपयोग वा गवन गर्नेहरूमाथि कडा कारवाही गरेर उनीहरूले भ्रष्टाचार गरेको सम्पत्ति असुल गर्न प्रभावशाली कदम उठाउनु पर्दछ ।

\- - -

**संविधान सभाको मुख्य कार्य संविधानको निर्माण हुनेछ । नयाँ बन्ने संविधानमा हाम्रो पार्टीले तललेखिएका प्रावधानहरू सामेल गर्ने घोषणा गर्दछ :**

१. **लोकतान्त्रिक गणतन्त्र :** नेपालमा लोकतान्त्रिक गणतन्त्र कायम गरिनेछ ।
२. **राष्ट्रपति :** राज्यको प्रमुख राष्ट्रपति हुनेछन् । उनले प्रधानमन्त्रीको सल्लाहअनुसार काम गर्नेछन् । राष्ट्रपतिलाई सहयोग गर्नका लागि एकजना उपराष्ट्रपति हुनेछन् ।
३. **प्रधानमन्त्री :** सरकारको प्रमुख प्रधानमन्त्री हुनेछन् र उनी प्रतिनिधिसभा (संसद) द्वारा निर्वाचित हुनेछन् र त्यसप्रति नै जिम्मेवार हुनेछन् ।
४. **संसद द्वि-सदनात्मक :** संसद द्वि-सदनात्मक संसद हुनेछ । तिनीहरूमध्ये निम्न सदन प्रतिनिधिसभा र उच्च सदन राष्ट्रिय सभा हुनेछन् ।

५. स्थानीय स्वायत्त शासनलाई संवैधानिक अङ्ग : स्थानीय स्वायत्त शासनलाई संवैधानिक अङ्गका रूपमा मान्यता दिइने छ । स्थानीय निकायहरूलाई संसद्ले बनाएको कानुन अनुसार काम गर्ने पूरा अधिकार हुनेछ ।

६. मानव सूचकाङ्कको आधारमा पिछडिएका जातजातिहरूलाई सूचीकृत : मानव सूचकाङ्कको आधारमा पिछडिएका जातजातिहरूलाई सूचीकृत गर्ने गरेर उनीहरूका हक-हितहरूको संरक्षण गरिने छ ।

७. जातीय स्वायत्त शासन र जातीय अग्राधिकार : सूचीकृत पिछडिएको जनता अत्यधिक बहुसङ्ख्यामा बसोवास गर्ने घना वस्तीहरूमा उनीहरूलाई जातीय स्वायत्त शासन र जातीय अग्राधिकारको व्यवस्था गरिनेछ । त्यहाँ वसोवास गर्ने अन्य जात, जातिहरुलाई उनीहरुको जनसंख्याका आधारमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरिने छ ।

८. प्रमुख संवैधानिक पदहरुमा वंशज नागरिक मात्र : राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, उप-प्रधानमन्त्री, प्रधान न्यायाधिश, प्रधान सेनापतिका पदहरूमा वंशज नागरिकहरूलाई मात्र निर्वाचित हुने वा मनोतिन हुने संवैधानिक व्यवस्था गरिने छ ।

९. निर्वाचन पद्धति कानूनमा लेखिए अनुसार : राष्ट्रपतिको निर्वाचनको पद्धति, प्रधानमन्त्रीको चुनाव, संसदका प्रतिनिधिहरूको सङ्ख्या र उनीहरूको निर्वाचन प्रणाली आदिको प्रक्रिया कानुनमा निर्धारित गरिए अनुसार हुनेछ ।

१०. लोकतान्त्रिक मूल्य, मान्यता र बहुदलीय प्रतिस्पर्धा : देशको शासन व्यवस्था लोकतान्त्रिक मूल्य, मान्यता र बहुदलीय प्रतिस्पर्धा अनुसार सञ्चालन गरिनेछ ।

११. मौलिक अधिकारको ग्यारेन्टी : जनतालाई मौलिक अधिकारको ग्यारेन्टी हुनेछ ।

१२. संवैधानिक आयोगहरु : निर्वाचन आयोग, अख्तियार दुरुपयोग आयोग, लोकसेवा आयोग, महालेखा परीक्षक, राष्ट्रिय मानव अधिकार आयोग आदि संवेधानिक आयोगहरुको व्यवस्था गरिने छ ।

१३. जनजातीय र दलित काउन्सिल : जनजाति र दलित जातिहरूका हक र हितहरूको संरक्षणका लागि जातीय र दलित काउन्सिलहरूको व्यवस्था गरिने छ ।

१४. महिला आयोग : महिलाहरुको हक, हितको संरक्षण वा रक्षाका लागि महिला आयोगको गठन गरिने छ ।

१५. भाषासम्बन्धी नीति : देशमा बोलिने सबै भाषाहरूलाई राष्ट्र भाषाका रुपमा मान्यता दिइने छ । नेपाली सम्पर्क भाषा हुनेछ । सरकारी कामकाजी भाषा नेपाली हुनेछ । प्रदेशमा वहुसङ्ख्यक नागरिकले बोल्ने मातृभाषालाई सरकारी कामकाजको द्वितीय भाषाका रुपमा मान्यता दिइने छ । स्थानीय स्तरमा मातृभाषा शिक्षाको माध्यम हुनेछ ।

### भाग १

## परिच्छेद-१

# प्रस्तावना

१. २०६४ सालको संविधान सभाको चुनावको निरन्तरता : अहिले हुन थालिरहेको संविधान सभाको चुनाव २०६४ सालको संविधान सभाको चुनावको नै निरन्तरता हो । २०६४ सालमा निर्वाचित संविधान सभाले संविधानको निर्माण गर्न सकेन र संविधानको निर्माण नगरिकन संविधानसभाको विघटन भयो । त्यसैले अहिले पुनः संविधान सभाको चुनावको घोषणा गर्नु पर्ने स्थितिको सिर्जना भएको छ । त्यो बेलाको चुनावको लागि राष्ट्रिय जनमोर्चाले जुन चुनाव घोषणा पत्र जारी गरेको थियो, त्यसका कैयौं प्रसङ्गहरू अहिले पनि प्रासङ्गिक छन् । तैपनि गत ६ वर्षका बीचमा देशमा घटेका कैयौं घटनाहरूका सन्दर्भमा त्यो घोषणापत्रमा उल्लेख गरिएका कतिपय नीतिहरूलाई नयाँ प्रकारले व्याख्या वा प्रस्तुत गर्नु आवश्यक भएको छ ।

२. तोकिएको समयमा नै संविधान सभाको चुनाव : २०६४ सालको चुनाव घोषणा पत्रको सुरुमा नै लेखिएको थियो : "संविधान सभाको चुनाव तोकिएको मितिमा सम्पन्न हुनु पर्दछ ।" त्यो बेला तोकिएिको समयमा चुनाव हुने वा नहुने कुरामा अनिश्चित थियो । त्यो बेलाको अनिश्चयताको स्थितिको उल्लेख गर्दै त्यो घोषणा पत्रमा यो उल्लेख गरिएको थियो : "२०६२-६३ को जनआन्दोलनको सफलतापछि २०६४ जेष्ठ, आषाढ ६ गते र पछि मंसिर ५ गतेको संविधान सभाको चुनावको मिति तोकियो । तर तीनै पल्ट त्यो चुनाव सम्पन्न हुन सकेन ।" त्यस प्रकारको पृष्ठभूमिमा चैत्र २८ गते हुने भनिएको चुनाव पनि समयमै सम्पन्न हुने कुरामा आशङ्का थियो । त्यसैले त्यो घोषणा पत्रमा संविधान सभाको चुनाव तोकिएको मितिमा नै हुनु पर्दछ भन्ने कुरामा जोड दिएको थियो । अहिले पनि त्यही प्रकारको स्थिति छ । त्यसैले अहिले पनि हाम्रो पार्टीले चुनाव घोषणा पत्रमा आरम्भमा नै तोकिएको समयमा नै संविधान सभाको चुनाव सम्पन्न हुनु पर्दछ भन्ने कुरामा जोड दिएको छ ।

३. राष्ट्रिय जनमोर्चाको स्वच्छ छवि : २०६४ सालको चुनावको घोषणा पत्रमा जुन प्रतिबद्धता प्रकट गरेको थियो, संविधान सभाको सम्पूर्ण कार्यकालमा त्यसप्रति हाम्रो पार्टी संविधान सभाभित्र र बाहिर पनि पुरै इमान्दार र दृढ रह्यो । अरू विभिन्न राजनीतिक दल वा सङ्गठनहरूले आफ्नो पदलाई दुरुपयोग गर्दै भ्रष्टाचारमा लाग्ने वा गलत प्रकारले अन्य सरकारी

सुविधाहरू प्राप्त गर्नका लागि विभिन्न प्रकारले गलत तरिकाहरू अपनाउने गरेका थुप्रै उदाहरणहरू छन् । तर हाम्रो पार्टी त्यस प्रकारका सबै अराजनैतिक र भ्रष्ट कार्यप्रणालीबाट पूरै अलग रह्यो र संविधान सभाको कार्यकालमा लगातार आफ्नो स्वच्छ छवि कायम राख्न सफल भयो । आगामी दिनमा पनि हाम्रो पार्टीले त्यस प्रकारको छविलाई कायम राख्ने प्रतिबद्धता प्रकट गर्दछ ।

४. प्रगतिशील वा जनपक्षीय बनाउने प्रयत्न : अहिले देशमा बन्ने संविधान वा कायम हुने लोकतन्त्र वा गणतन्त्रबाट जनताका आधारभूत समस्याहरूको समाधान हुन नसक्ने भए पनि संविधानलाई बढीभन्दा बढी प्रगतिशील वा जनपक्षीय बनाउने हाम्रो प्रयत्न हुनु पर्दछ । त्यसरी सबै सामन्ती शोषण, उत्पीडन, भेदभावको अन्त, भूमिसुधार आदिद्वारा जनताका प्रगतिशील र न्यायपूर्ण मागहरूको पक्षमा संविधानको निर्माण गर्ने र लोकतन्त्रलाई सुदृढ गर्ने हाम्रो प्रयत्न हुनु पर्दछ ।

५. सङ्घीयताको कारणले संविधान सभाको विघटन : नेपालमा संविधान सभाको चुनावका लागि सङ्घर्षको लामो इतिहास छ । २००७ सालको राजनीतिक परिवर्तनपछि अन्तरिम संविधानमा त्यो चुनावको व्यवस्था गरियो । तर तात्कालिन राजाहरूले त्यसको विरुद्ध षडयन्त्र गरे । त्यसका साथै त्यो बेलाका कैयौं प्रमुख राजनीतिक शक्तिहरूले पनि संविधान सभाको चुनावका विरुद्धको षड्यन्त्रमा राजालाई साथ दिँदै गए वा त्यो नारालाई छाड्दै गए । २०४६ सालमा बहुदलीय व्यवस्थाको स्थापनापछि ने.क.पा. (मसाल) ले संविधान सभाको आन्दोलनलाई अगाडि बढाई राख्यो, तर अन्य राजनीतिक शक्तिहरूले त्यो नाराको विरोध गरे । पछि अन्य पक्षहरू पनि संविधान सभामा आए र ०६२-६३ को आन्दोलनको सफलतापछि संविधान सभाको चुनाव सम्पन्न भयो । तर ४ वर्षको अवधिमा पनि संविधान निर्माण हुन सकेन । सामान्यत: सङ्घीयताका कारणले र विशेषत: जातीय सङ्घीयताका कारणले संविधानको निर्माण हुन सकेन । खास गरेर कतिपय पक्षले एकल जातीय आधारमा प्रदेशहरूको निर्माण गर्नु पर्दछ भन्ने अडान लिएकाले संविधानको निर्माण नभइकन संविधान सभाको विघटन भयो ।

६. गत संविधान सभाले संविधानको निर्माण कार्यमा कैयौं कार्यहरू पूरा गरिसकेको भनिन्छ । त्यस सन्दर्भमा नयाँ निर्वाचित संविधान सभााले पहिला सम्पन्न कामलाई आधार बनाएर नै बाँकी कार्य पूरा गर्नु पर्दछ भन्ने मत प्रकट गर्ने पनि गरिन्छ र त्यसरी संविधानको निर्माणको कार्यलाई पूर्णता दिनु पर्दछ । त्यसबार हाम्रो यो स्पष्ट मत छ कि नयाँ निर्वाचित संविधान सभाले सम्पूर्ण रूपले नयाँ प्रकारले नै संविधानको निर्माण गर्नु पर्दछ । प्रथमता पहिले पनि संविधान सभाको संविधान बनाउने सार्वभौम अधिकारमाथि पहिले नै अतिक्रमण भएको छ । देशमा कुन प्रकारको व्यवस्था हुनु पर्दछ ? त्यो संविधान सभाले निर्णय गर्ने विषय हो। तर अन्तरिम संविधानमा संशोधन गरेर त्यसमा सङ्घीयतालाई सामेल गरियो र संविधान सभालाई त्यो सीमाभित्र रहेर संविधानको निर्माण गर्न बाध्य पारिएको थियो । त्यो संविधान सभाको सार्वभौम अधिकारको अतिक्रमण नै थियो । त्यही सीमाभित्र रहेर गत संविधान सभाका विभिन्न समितिहरूले कैयौ सुझावहरू तयार पारेहका छन् । नयाँ निर्वाचित हुने संविधान सभालाई त्यस प्रकारको सीमाबाट मुक्त भएर स्वतन्त्र रूपले आफ्नो काम सम्पन्न गर्ने अधिकार हुनु पर्दछ ।

७. नेपाल कम्युनिष्ट पार्टी (मसाल) सित घनिष्ट सम्बन्ध : राष्ट्रिय जनमोर्चाले सधैं ने.क.पा. (मसाल) सित घनिष्ट सम्बन्ध राखेर काम गर्दै आएको छ । त्यसबाट हाम्रो पार्टीको राजनीतिक भूमिकामा धेरै नै मद्दत पुग्ने गरेको छ । भविष्यमा पनि ने.क.पा. (मसाल) सित घनिष्ट सम्बन्ध कायम राख्ने हाम्रो नीति रहने छ ।

## परिच्छेद-२

# राष्ट्रिय जनमोर्चाको इतिहास र राजनैतिक भूमिका

१. राष्ट्रिय जनमोर्चाको लामो इतिहास : राष्ट्रिय जनमोर्चाको २०५२ सालमा गठन भएको थियो । तर त्यसको इतिहास त्यो भन्दा पुरानो छ । २०४५ सालमा ने.क.पा. (मसाल) का प्रवक्ता का. चित्रबहादुर के.सी. को अध्यक्षतामा अखिल नेपाल राष्ट्रिय जनमोर्चाको गठन भएको थियो । त्यसमा ने.क.पा. (मसाल) सहित कैयौं सङ्गठनहरू सामेल थिए । त्यो बेला देशमा निरङ्कुश राजतन्त्र र पञ्चायती तानाशाही व्यवस्था थियो र त्यसका विरुद्धको सङ्घर्षमा अ.ने.रा.ज.मो. को महत्वपूर्ण भूमिका रहेको थियो । २०५१ सालमा अखिल नेपाल राष्ट्रिय जनमोर्चाका उमेदवारहरूले स्वतन्त्र उमेदवारहरूको रूपमा संसदीय चुनावमा भाग लिएका थिए । त्यसमा हाम्रा दुई जना प्रतिनिधिहरू निर्वाचित भएका थिए । त्यस प्रकारको ऐतिहासिक पृष्ठभूमिमा २०५२ सालमा का. चित्रबहादुर के.सी. को अध्यक्षतामा नै रा.ज.मो. को स्थापना भएको थियो । २०५६ मा सम्पन्न संसदीय चुनावमा त्यसका पाँच जना उमेदवारहरू विजयी भएका थिए ।

२. २०६२-६३ को आन्दोलनमा महत्वपूर्ण योगदान : २०५९ सालमा राष्ट्रिय जनमोर्चा र संयुक्त जनमोर्चाको एकीकरण भएर जनमोर्चा, नेपालको गठन भयो । त्यही एकताको कालमा नै पहिले पाँच दलीय र पछि सातदलीय संयुक्त आन्दोलनमा सामेल भएर जनमोर्चा, नेपालले प्रतिगमन र निरङ्कुश राजतन्त्रका विरुद्धको सङ्घर्षमा भाग लिएको थियो । प्रतिगमनका विरुद्धको सङ्घर्षमा जोड दिनका लागि ने.क.पा. (मसाल), जनमोर्चा नेपाल र अन्य कतिपय सङ्गठनहरू सामेल भएर ने.क.पा. (

मसाल) का प्रवक्ता का. चित्रबहादुर के.सी. को संयोजकत्वमा केन्द्रीय संयुक्त सङ्घर्ष समिति (सङ्क्षिप्तमा के.सं.सं.स.) को पनि गठन भएको थियो। त्यो समितिको मातहतमा एकातिर, प्रतिगामी सत्ता, सेनाका दमनकारी कार्यवाहीहरू र, अर्कातिर, माओवादीहरूका ज्यादतिहरूका विरुद्ध पनि देशव्यापी रूपमा कैयौं सङ्घर्ष वा भण्डाफोरका कार्यहरू सम्पन्न भएका थिए। के.सं.स.स.को तत्वाधानमा प्रतिगमनका विरुद्ध २०६२ फागुन १९ गते महेन्द्रनगरबाट मेची-महाकाली अभियान सञ्चालन गरिएको थियो र चैत्र २४ गते त्यसको समापन बुटवलमा भएको थियो। त्यो मेची-महाकाली अभियानले चैत्र २४ गतेदेखि सुरु भएको जनआन्दोलनको पूर्वाधार तयार पार्न महत्वपूर्ण योगदान दिएको थियो। त्यो अभियानको समापनको दिन नै चैत्र २४ गते नै २०६२-६३ को संयुक्त आन्दोलन सुरु भएको थियो। २०६२-६३ को आन्दोलनमा के.सं.स.स. को मातहतमा हाम्रो सङ्गठनका नेता र कार्यकर्ताहरूले देशव्यापी भाग लिएका थिए र त्यो सङ्घर्षको क्रममा हाम्रा थुप्रै नेता वा कार्यकर्ताहरू घाइते वा गिरफ्तार भएका थिए।

३. राष्ट्रिय जनमोर्चाको एकीकरण र पुनर्स्थापना : राष्ट्रिय जनमोर्चा र संयुक्त जनमोर्चा, नेपालका बीचमा एकीकरण भएर जनमोर्चा, नेपालको निर्माण भयो। तर दुवै पक्षहरूका बीचमा वैचारिक वा भावनात्मक एकताको निर्माण हुन सकेन। सुरुदेखि नै त्यो एकतामा गम्भीर प्रकारका मतभेदहरू देखा पर्दै गए। त्यसको परिणामस्वरूप दुवै पक्षहरूका बीचमा कहिल्यै वास्तविक एकता कायम हुन सकेन। २०६४ बैशाख ३ गते निर्वाचन आयोगमा दल दर्ता गर्ने सिलसिलामा पूर्व राष्ट्रिय जनमोर्चाको पुनर्स्थापना भयो र त्यसले आफ्ना पुरानो इतिहास र परम्परालाई अगाडि बढाउँदै काम गर्दै आएको छ।

४. राष्ट्रिय जनमोर्चा सांसदहरुको उज्ज्वल भूमिका : संसदभित्र हाम्रो दलका सांसदहरूको भूमिका प्रारम्भदेखि नै अत्यन्त उज्ज्वल र निष्कलङ्क रहने गरेको छ। गत कालमा अन्य दलहरूका सांसदहरूमा देखिने गरेका भ्रष्टाचार, पदका लागि दलबदल, सरकारी सुविधा प्राप्त गर्नका लागि गलत तौरतरिका, पासपोर्टको बिक्री र दुरूपयोग आदि कार्यहरूमा हाम्रा पार्टीका सांसदहरू कहिल्यै मुछिने गरेनन्। अन्य दलका सांसदहरूमा देखिने पद वा व्यक्तिगत फाइदाका लागि सिद्धान्त वा नीतिको सौदावाजी गर्ने जस्ता सबै व्यवहारहरूबाट पनि हाम्रा सांसदहरू अलग र टाढा रहने गरेका छन्। त्यस सन्दर्भमा राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर के.सी. सार्वजनिक लेखा समितिको अध्यक्ष भएको कार्यकालको कार्यविधि पनि उल्लेखनीय छ।

५. सार्वजनिक लेखा समितिमा अध्यक्ष का. चित्रबहादुर के.सी. को भूमिका : का. चित्रबहादुर के.सी. सार्वजनिक लेखा समितिको अध्यक्ष भएको कालमा राजपरिवार, राजा र रानीको संरक्षण वा अध्यक्षतामा रहेका संस्थाहरू वा सरकारी निकायहरूद्वारा गरिएको भ्रष्टाचार वा राष्ट्रिय सम्पत्तिको दुरूपयोगबारे जति निष्पक्ष र निर्भिकतापूर्ण तरिकाले छानविन गरिएको थियो, त्यति कुनै लेखा समितिद्वारा पहिले कहिल्यै गरिएको थिएन। भ्रष्ट्राचारको छानवीन गर्न बनेका अन्य कतिपय सार्वजनिक लेखा समितिहरू स्वयं भ्रष्टाचारको शिकार बन्ने गरेका छन्। तर का. चित्रबहादुर के.सी. को अध्यक्षतामा बनेको सार्वजनिक लेखा समिति सबै प्रकारका प्रलोभन, भ्रष्टाचारबाट माथि उठ्यो र त्यसको कार्य नेपालको सम्पूर्ण संसदीय इतिहासमा नै निष्कलङ्क र सफा रहेको थियो। तर सरकारले सार्वजनिक लेखा समितिका निर्णय र सिफारिसलाई कार्यान्वयन नगरेकाले पछि सार्वजनिक लेखा समितिको अध्यक्ष पदलाई उहाँले अस्वीकार गर्नुभएको थियो। त्यो कुराले पनि हाम्रो दलले कुनै पद, सरकारी सुविधा वा फाइदालाई होइन, देश र जनताका हित वा नीतिहरू नै सर्वोपरी राख्दछन् भन्ने कुरा प्रष्ट छ।

६. प्रतिगामी सत्ता, सेना वा माओवादीका ज्यादतिका विरुद्ध सङ्घर्ष : हाम्रो दलले सशस्त्र द्वन्द्वका दौरानमा प्रतिगामी सत्ता, सेना वा माओवादी दुवै पक्षद्वारा जनतामाथि हुँदै आएका सबै प्रकारका ज्यादतिका विरूद्ध, जनतामाथिका ती दुवै पक्षहरूद्वारा गरिएका अत्याचारहरूका विरूद्ध लगातार आवाज उठायो वा सङ्घर्ष र भण्डाफोरको नीति अपनायो र दुवै पक्षहरूद्वारा गरिएका अत्याचारहरूका विरूद्ध देशव्यापी रूपमा विभिन्न कार्यक्रमहरूको सञ्चालन गऱ्यो। माओवादीहरूका सबै सामाजिक फासिवादी प्रकारका कारवाहीहरूका विरुद्ध सम्झौताहीन प्रकारले भण्डाफोरको नीति अपनायो। माओवादीहरूले देशव्यापी रूपमा गरेका अपहरण, हत्या, जवर्जस्ती चन्दा, आतङ्कवादी वा जनविरोधी कारवाहीहरूको विरुद्ध ने.क.पा. (मसाल) का साथ मिलेर वा पछि केन्द्रीय संयुक्त सङ्घर्ष समितिसित मिलेर देशव्यापी रूपमा भण्डाफोर वा सङ्घर्षको नीति अपनाइरह्यो। अन्य दलहरूले स्वय प्रतिगमनको विरुद्ध सङ्घर्षरत दलहरूले पनि माओवादीहरूप्रति सम्झौतापरस्त वा दब्बुपनको नीति अपनाइरहे भने हाम्रो पार्टीले सिद्धान्तका आधारमा माओवादीहरूका विरुद्ध भण्डाफोर र सङ्घर्षको नीतिमा लगातार जोड दिइरह्यो।

७. माओवादीहरूप्रतिको हाम्रो नीति सिद्धान्तमाथि आधारित : २०६३ को बैशाखको राजनैतिक परिवर्तनपछि पनि सात दलीय गठबन्धनका अन्य दलहरूले बारम्बार माओवादीहरूप्रति सम्झौता वा दब्बुपनको नीति अपनाउने गरेका छन् भने हाम्रो पार्टीले एक्लै सात दल वा माओवादीहरूका गलत नीतिका विरुद्ध सङ्घर्षको नीति अपनाउँदै आएको छ। उनीहरूका गलत नीति र कार्यहरूको विरोध गर्ने बेलामा उनीहरूमाथि वा माओवादीका नाममा निर्दोष जनतामाथि हुने सरकारका दमनकारी कारवाही, माओवादीहरूमाथिको निर्मम हत्या आदिका विरुद्ध पनि आवाज उठाउने गरेको थियो। माओवादीहरूका विरूद्ध तात्कालिक सरकारले पेश गरेको कालो विधेयकका विरूद्ध हाम्रो पार्टीले एक्लै संसदमा आवाज उठाएको थियो। माओवादीहरूले हाम्रा थुप्रै कार्यकर्ताहरूको अपहरण, हत्या गर्दा पनि हामीले प्रशासन वा सेनासित मिलेर माओवादीहरूका विरुद्ध कारवाहीहरूमा मद्दत

गर्ने नीति अपनाएनौँ। हाम्रो पार्टीले तात्कालिक गृहमन्त्रीले माओवादीलाई दवाउन ल्याएको कालो विधेयकको पनि विरोध गरेको थियो। त्यसबाट माओवादीहरूप्रतिको हाम्रो नीति सिद्धान्तमाथि आधारित भएको कुरा प्रष्ट हुन्छ। माओवादीहरूले जनतामाथि विभिन्न प्रकारका अन्यायहरू गर्दा अन्य पक्षहरूले तिनीहरूप्रति मौन रहने नीति अपनाएका थिए भने हाम्रो पार्टीले तिनीहरू (माओवादीहरूका ज्यादति) को विरूद्ध लगातार देशव्यापी रूपमा भण्डाफोरको नीति अपनाएको थियो।

## परिच्छेद-३
## देशका तात्कालिक राजनीतिक समस्याहरूबारे पार्टीको नीति

१. संविधान सभाको चुनावका लागि पार्टीका नाराहरू : अहिले हाम्रो पार्टीले आगामी संविधान सभाको चुनावका लागि यी नाराहरू ठेगान गरेको छ : गणतन्त्रलाई संस्थागत गरौँ ! राष्ट्रियताको रक्षा गरौँ ! सङ्घीयताको विरोध गरौँ ! यी नाराहरूले अहिलेको देशको तात्कालिक राजनीतिक अवस्थाको सही प्रतिनिधित्व गर्दछन्। त्यो नाराका आधारमा संविधानको चुनाव वा संविधान सभाको चुनावपछि ती नाराहरूलाई आधार बनाएर संविधान सभाभित्र वा बाहिर आफ्ना नीति, गतिविधि वा आन्दोलनलाई अगाडि बढाउन हाम्रो पार्टीले लगातार प्रयत्न गरिरहने छ।

२. पुँजीवादी गणतन्त्रको पनि प्रगतिशील र ऐतिहासिक महत्व : अहिले देशमा गणतन्त्र संस्थागत भए पनि त्यो पुँजीवादी प्रकारको नै हुनेछ। त्यो अर्धसामन्ती र अर्धऔपनिवेशिक अन्तरगतको गणतन्त्र नै हुनेछ। त्यसैले प्रथम, त्यसबाट जनताका आधारभूत समस्याहरूको समाधान हुने छैन। तैपनि अहिलेको नेपालको ऐतिहासिक वस्तुस्थितिमा त्यस प्रकारको सीमित प्रकारको पुँजीवादी गणतन्त्रको पनि प्रगतिशील र ऐतिहासिक महत्व छ। त्यसैले हाम्रो पार्टीले त्यसलाई संस्थागत गर्ने कार्यमा जोड दिन्छ।

३. राष्ट्रियताका अगाडि गम्भीर खतरा : आज देशको राष्ट्रियताका अगाडि गम्भीर खतरा उत्पन्न भएको छ। विश्व साम्राज्यवाद र भूमण्डलीकरणबाट संसारका सबै विकासोन्मुख देशहरूका साथै नेपालको पनि स्वतन्त्रता र स्वतन्त्र अर्थतन्त्रमा गम्भीर खतरा उत्पन्न भएको छ। तर नेपालको भू-राजनीतिक अवस्थामा नेपालको राष्ट्रियतामा भारतीय विस्तारवादका कारणले नै सबैभन्दा गम्भीर खतरा उत्पन्न भएको छ। वास्तमा भारतीय विस्तारवादले दशकौंदेखि योजनाबद्ध प्रकारले नेपालमा आफ्नो प्रभुत्व कायम गर्न षडयन्त्र गर्दै आएको छ। त्यस्तै नेपालको सुरक्षा, परराष्ट्र नीति, अर्थतन्त्र, प्रशासन आदि विभिन्न क्षेत्रहरूमा हस्तक्षेप र घुसपैठ गर्दै आइरहेको छ। नेपालको जलसम्पदामाथि कब्जा जमाउन कैयौं असमान सन्धिहरू गरिएका छन्। नेपालमा ठूलो सङ्ख्यामा भारतीयहरूलाई नेपालको नागरिक वा मतदाता बनाउँदै लगेर नेपाललाई फिजी बनाउनका लागि योजनाबद्ध प्रकारले षडयन्त्र भैरहेको छ। नेपाललाई सिक्किम बनाउन पनि योजनावद्ध प्रकारले प्रयत्न भइरहेको छ। नेपालका विभिन्न राजनीतिक शक्तिहरूले भारतीय विस्तारवादका त्यस प्रकारका नीतिहरूलाई मद्दत पुऱ्याउने नीति अपनाएकाले स्थिति अरू गम्भीर भएको छ।

४. गणतन्त्रका अगाडि खतरा : २०६४ सालको हाम्रो पार्टीको चुनाव घोषणा पत्रमा लेखिएको थियो : "संविधान सभाको पहिलो बैठकमा गणतन्त्रको निर्णयलाई कार्यान्वयन गर्नु पर्दछ।" हामीलाई यो बताउँदा खुशी लागिरहेको छ कि संविधान सभाको पहिलो बैठकमा नै राजतन्त्रलाई अन्त गरेर गणतन्त्रलाई संस्थागत गर्ने कार्य गरिएको थियो। तर लोकतान्त्रिक संविधानको निर्माण नगरिकन संविधान सभाको अवसान भएकाले गणतन्त्रलाई संस्थागत गर्ने कार्य हुन सक्दैनथ्यो र हुन सकेन। देशमा जुन प्रकारको अवस्था छ, त्यसले गर्दा अहिले देशमा कायम भएको गणतन्त्र पनि समाप्त हुने खतरा छ। प्रथम, राजावादीहरूले राजतन्त्र र हिन्दू राज्यको पुनर्स्थापनाका लागि लगातार प्रयत्न गरिरहेका छन्। द्वितीय, गणतन्त्र पक्षधर राजनीतिक शक्तिहरूका गलत नीति वा भूमिकाका कारणले पनि गणतन्त्रलाई संस्थागत गर्ने काममा बाधा पुगिरहेको छ वा राजावादीहरूका प्रतिगामी नीतिहरूलाई वल पुग्ने गरेको छ, त्यस प्रकारको स्थितिमा देश पुन: प्रतिगमनतिर जाने सम्भावनालाई पूरै अस्वीकार गर्न सकिन्न। त्यसैले हाम्रो पार्टीले समयमा नै संविधान सभाको चुनाव र लोकतान्त्रिक संविधानको निर्माण गरेर गणतन्त्रलाई संस्थागत गर्ने कार्यमा विशेष जोड दिन्छ।

५. हाम्रो देशका लागि सङ्घीय व्यवस्था अनुपयुक्त : नेपाल जस्तो एउटा सानो, पिछडिएको र आर्थिक दृष्टिले कमजोर देशका लागि सङ्घीय व्यवस्था उपयुक्त छैन। सामन्ती र केन्द्रीकृत एकात्मक शासन प्रणाली प्रतिक्रियावादी व्यवस्था हो र त्यसको अन्त हुनु पर्दछ। त्यसको ठाउँमा प्रजातान्त्रिक विकेन्द्रियता तथा स्थानीय स्वायत्त शासनमाथि आधारित एकात्मक शासनको स्थापना हुनु पर्दछ। हाम्रो देशमा मजदुर, किसान, महिला, जनजाति, दलित, मधेशी वा पिछडिएका क्षेत्रहरूमाथि सामन्ती शासकहरूद्वारा सताब्दियौंदेखि शोषण, उत्पीडन वा भेदभावको नीति अपनाउने गरिएको छ। ती सबै शोषण, उत्पीडन वा भेदभावको अन्तका लागि विद्यमान सामन्ती व्यवस्थाको अन्तको आवश्यकता छ। त्यो कार्य सबै शोषित, उत्पीडित जनताको

एकतावद्ध सङ्घर्षद्वारा नै सम्भव छ, सङ्घीय व्यवस्थाद्वारा होइन । आज देशमा जातीय वा क्षेत्रीय आधारमा सङ्घीय व्यवस्थाको स्थापनाको लागि जुन आवाज उठिरहेको छ, त्यसले सबै शोषित, उत्पीडित जनता वा क्षेत्रहरूको एकतामा बाधा पुऱ्याउने छ र त्यसले वास्तवमा सामन्तवादी व्यवस्थालाई नै मद्दत गर्नेछ । त्यसैले सङ्घीय व्यवस्थाले प्रकारान्तरले सामन्ती व्यवस्थालाई नै मद्दत पुऱ्याउने र शोषित, पीडित जनता माथिको शोषण, उत्पीडन र भेदभावलाई कायम राख्ने काम गर्नेछ । त्यसैले हाम्रो पार्टीले प्रारम्भदेखि नै लगातार र दृढतापूर्वक सङ्घीयताका विरुद्धको सङ्घर्षमा जोड दिने गरेको छ ।

६. सङ्घीयताबाट गणतन्त्र र राष्ट्रियता दुवैलाई खतरा : संविधान सभाको चुनाव र लोकतान्त्रिक संविधानको निर्माणबाट गणतन्त्रलाई संस्थागत गर्न मद्दत पुग्नेछ, तर सङ्घीयतावादीहरूले सङ्घीय संविधान बनाउनका लागि ठूलो प्रयत्न गरिरहेका छन् । जातिवादी र क्षेत्रीयतावादीहरूले जातीय र क्षेत्रीय आधारमा संविधान बन्नु पर्ने र त्यही प्रकारले राज्यको पुनर्संरचना हुनु पर्ने कुरामा जोड लगाइरहेका छन् । यदि त्यस प्रकारको संविधान बन्यो वा त्यही प्रकारले राज्यको पुनर्संरचना गरियो भने प्रथम, लोकतान्त्रिक गणतन्त्रमाथि गम्भीर आँच पुग्ने सम्भावना रहनेछ । द्वितीय, देशको राष्ट्रियता, जातीय र क्षेत्रीय एकता, पारस्पारिक सद्भाव नराम्ररी खलबलिनेछ । त्यसैले हाम्रो पार्टीले विशुद्ध रूपमा संविधानको निर्माणमा होइन, लोकतान्त्रिक संविधानको निर्माणमा विशेष जोड दिन्छ ।

७. संविधान सभाको चुनाव र संविधानको निर्माणमा खतरा : अहिले पुन: संविधान सभाको चुनावको घोषणा भएको छ र २०७० मंसिर ४ गते त्यसको चुनावको मिति तोकिएको छ । तर गतकालमा जुन कारणहरूले बारम्बार संविधानसभाको चुनावमा बाधा पुग्ने गरेको थियो, संविधान सभा संविधानको निर्माण गर्न असफल भएको थियो, ती कारणहरू एक वा अर्को रुपमा अहिले पनि विद्यमान छन् । खास गरेर सङ्घीयताको कारणले नै संविधानको निर्माण नगरिकन संविधान सभाको विघटन भएको थियो । गतसाल सामान्यत: राज्यको पुनर्संरचना, मुख्यत: प्रदेशहरूको निर्माण सम्बन्धी विवादका कारणले नै संविधानको निर्माण नगरिकन संविधानसभा भंग गरिएको थियो । गतसाल जेष्ट २ गते बहुजातीय आधारमा संविधान निर्माण गर्ने सहमति भएको थियो । तरपछि त्यसमा मतभेद भएकाले संविधानको निर्माण नगरिकन संविधान सभालाई विघटन गरिएको थियो । जुन राजनीतिक शक्तिहरूका गलत नीति वा भूमिकाका कारणले संविधानको निर्माण नगरिकन संविधान सभाको विघटन भएको थियो, अहिले पनि ती राजनीतिक शक्तिहरूको देशमा प्रसस्त प्रभाव छ । उनीहरूका त्यस प्रकारका गलत नीति र भूमिकाका कारणले अहिले घोषणा भएको चुनावमा बाधा पुग्ने वा त्यो चुनाव सम्पन्न भए पनि त्यसले संविधान बन्न नसक्ने सम्भावनालाई पनि अस्वीकार गर्न सकिन्न ।

८. सङ्घीय, जातिवादी र क्षेत्रीयतावादी संविधान बन्ने खतरा : जातिवादी र क्षेत्रीयतावादीहरूले जातिवादी वा क्षेत्रीयतावादी प्रकारको संविधानको निर्माणका लागि पूरा शक्ति लगाइरहेका छन् । कतिपय प्रमुख राजनीतिक शक्तिहरूले पनि त्यस प्रकारको नीतिलाई समर्थन गरेका छन् । ती कारणहरूले गर्दा सङ्घीयताको कारणले अहिले संविधानसभाको चुनाव भएपनि संविधान नबन्ने खतरा पनि विद्यमान छ । त्यस प्रकारको पृष्ठभूमिमा राष्ट्रिय जनमोर्चाले लगातार र दृढतापूर्वक संविधानसभाको चुनावलाई सुनिश्चित गर्न, लोकतान्त्रिक संविधानको निर्माण गर्न, गणतन्त्रलाई संस्थागत गर्न तथा सङ्घीय, जातीय वा क्षेत्रीयतावादी रुपमा संविधानको निर्माण गर्ने सबै प्रयत्नहरूका विरुद्ध दृढ सम्झौताहीन प्रकारले सङ्घर्ष गर्दै आएको छ ।

९. सङ्घीयतावादीहरुका जातीय राज्य समेतका विरुद्धका अवधारणाहरूलाई समर्थन : सङ्घीयता सम्पूर्ण रूपले देशका लागि अनुपयुक्त छ । तर त्यससित जोडिएर आएका जातीय राज्य, आत्मनिर्णयको अधिकार, पृथक बन्ने अधिकार सहितको आत्मनिर्णयको अधिकार, एक मधेश-एक प्रदेश, बहुराष्ट्रवाद, जातीय राज्यको अवधारणाहरू अरु घातक छन् । स्वयं सङ्घीयतालाई समर्थन गर्ने जातीय राज्य, आत्मनिर्णयको अधिकार, पृथक बन्ने अधिकार सहितको आत्मनिर्णयको अधिकार, बहुराष्ट्रवाद, जातीय अग्राधिकारको विरोध गर्दछन्, उनीहरूका त्यस प्रकारका अवधारणाहरूले सङ्घीयताबाट सम्पूर्ण रुपले पुग्ने क्षतिलाई तुलनात्मक रुपमा कम हुनेछन् । त्यसैले हाम्रो पार्टीले सम्पूर्ण रुपले सङ्घीयताका विरुद्धको विरोधलाई कायम राख्दै सङ्घीयतावादीहरूका पनि जातीय राज्य समेतका विरुद्धका नीति र गतिविधिहरूलाई समर्थन गर्ने र तिनीहरूलाई अगाडि बढाउने हाम्रो प्रयत्न हुनेछ ।

१०. देशको अर्थतन्त्र करिब करिब धरासयी नै भएको छ । देशमा विदेशी प्रभाव र हस्तक्षेप लगातार बढ्दै गैरहेको छ । भूमण्डलीकरण, विव्य व्यापार सङ्गठन, वहुराष्ट्रिय कम्पनीहरूले आफ्नो स्वार्थहरू पूरा गर्नका लागि नेपालको अर्थतन्त्रलाई धरासयी बनाउँदै लगिरहेका छन् । गत कालमा सत्तामा पुगेका प्रमुख राजनैतिक शक्तिहरूको बढी प्रयत्न देशको अर्थतन्त्र, विकास वा जनताको अवस्थामा सुधारका लागि काम गर्नेभन्दापनि व्यक्तिगग वा दलीय स्वार्थहरूको पूर्तिका लागि राष्ट्रिय शक्तिको दुरुपयोग गर्ने वा भ्रष्टाचार गर्नेतिर नै बढी रहने गरेको छ । आफ्नो त्यस प्रकारका निहित स्वार्थहरू पूरा गर्नका लागि उनीहरूले विदेशी शक्तिहरूका राष्ट्रिय अर्थतन्त्र वा राष्ट्रिय हितहरूका विरुद्धका नीति वा कृयाकलापहरूलाई पूरा समर्थन गर्ने गरेका छन् । प्रशासन पक्षको भ्रष्ट र नोकरशाही चरित्रका कारणले पनि यस प्रकारका कार्यहरू अवरुद्ध हुने गरेका छन् । राननैतिक शक्तिहरूको उनीहरूलाई आफ्ना दलीय र भ्रष्ट स्वार्थहरू पूरा गर्न वाध्य गर्ने नीतिका कारणले पनि जनताले

प्रशासनले निष्पक्ष र जनताप्रति उत्तरदायी भएर काम गर्न सकिरहेको छैन। उक्त सबै कारणले देशको अर्थतन्त्र, कृषि र विकास कार्यहरू अवरुद्ध हुने गरेका छन्। हाम्रो पार्टीले बढ्दो विदेशी प्रभाव, उच्च राजनैतिक स्तरमा देखा परेको भ्रष्टाचार र प्रशासन यन्त्रमा व्याप्त भ्रष्टाचारको विरोध गर्दै राष्ट्रिय अर्थतन्त्र, कृषि र विकास कार्यहरू समेतलाई तीव्र गतिमा अगाडि बढाउने र जनताको जीवन स्तर माथि उठाउने प्रयत्न गर्नेछ।

११. विकेन्द्रिकृत र सन्तुलित विकास नीति : अहिले देशमा विकास कार्यहरू अत्यन्त पछाडि परेका छन्। त्यसकारण देशको सर्वाङ्गिण विकासमा जोड दिनु राष्ट्रिय आवश्यकता भएको छ। तर त्यसको अर्को गम्भीर पक्ष यो हो कि देशमा जे जति विकास भएको छ, त्यो पनि सन्तुलित प्रकारले हुने गरेको छैन। सबै विकास कार्यहरू केही खास खास ठूला शहरवा जिल्लाहरूको पनि शहरी क्षैत्रमा मात्र केन्द्रित हुने गरेका छन्। त्यसले गर्दा देशमा गम्भीर प्रकारको असन्तुलनको अवस्था कायम भएको छ। त्यसैले हाम्रो पार्टीले विकेन्द्रित र सन्तुलित प्रकारको विकास नीतिमा जोड दिन्छ। त्यस सन्दर्भमा मुख्य रूपले एउटा कुरामाथि ध्यान दिनु पर्नेछ : प्रथम, देशका उपलब्ध श्रोत र साधनहरू देशका सबै शहर र गाम्रिण क्षैत्रहरूको विकासका लागि प्रयोग गरिनु पर्दछ। द्वितीय, गत कालमा जुन क्षेत्रहरूमा विकास कार्यहरू उपेक्षित रहेका छन्, तिनीहरूलाई गत कालको क्षैतिपूर्तिका रूपमा त्यहाँको विशेष प्राथमिकता दिएर ती क्षैत्रहरूमा विकास कार्यहरू गरिनु पर्दछ।

## परिच्छेद-४
# सङ्घीयताका विरुद्ध सङ्घर्ष

१. सङ्घीयताबाट देशको विकास कुण्ठित हुने खतरा : सङ्घीय व्यवस्था सम्पूर्ण रूपले नै नेपालका लागि उपयुक्त छैन। एउटा केन्द्रीय सरकार चलाउन मुश्किल परिरहेको देशमा सङ्घीय व्यवस्था अन्तर्गत कैयौं राज्य, मन्त्रीमण्डल, विधायिका, प्रशासनयन्त्र, सुरक्षायन्त्र आदि बनाएपछि त्यो खर्च चलाउनु सम्भव हुने छैन। त्यो बढेको प्रशासनिक खर्चका कारणले विकास कार्यहरू पछाडि पर्नेछन्। कैयौं राज्यहरूको निर्माणका कारणले केन्द्रीय सत्ता कमजोर हुनेछ। राष्ट्रिय स्तरका ठूला योजनाहरू कार्यान्वयन गर्न वा सफल पार्न मुश्किल पर्नेछ।

२. सामन्ती व्यवस्थाको अन्तद्वारा नै विभिन्न शोषित, उत्पीडित जाति, जनजातिहरूको मुक्ति : नेपालका लागि सङ्घीय व्यवस्था सम्पूर्ण रूपले अनुपयुक्त भएको कुरा पहिले नै उल्लेख भइसकेको छ। त्यसका साथै जातीय आधारमा राज्यहरूको निर्माण गरेर सङ्घीय राज्यको स्थापना गर्ने कुराले स्थितिलाई अरु गम्भीर बनाएको छ। देशका अधिकतर भागहरूमा बेग्ला-बेग्लै जाति वा जनजातिहरूको मिश्रित वसोवास भएकाले कुनै जाति विशेषका जनताको, अत्यधिक बहुमत, बहुमत वसोवास भएका क्षेत्रहरू अत्यन्त कम छन् वा छैनन् भने पनि हुन्छ। देशमा १०० भन्दा बढी जाति वा जनजातिहरू छन्। त्यो अवस्थामा केही प्रमुख जनजातिलाई आधार बनाएर जातीय राज्यको गठन गरे पनि ती राज्यहरूभित्र कैयौं गुणा बढी जाति वा जनजातिहरूको कुनै राज्य हुनेछैन। त्यसकारण जातीय राज्यहरूको गठन गरेर होइन, देशमा विद्यमान सामन्ती व्यवस्थाको अन्त गरेर विभिन्न शोषित जाति, जनजातिहरूमाथि भैरहेका सवै शोषण, उत्पीडन वा भेदभावको अन्त गरेर वा उनीहरूको भाषा, संस्कृतिको विकासमा भएका अवरोधहरू हटाएर नै उनीहरूको कल्याण र विकास हुन सक्दछ।

३. नेपाल राष्ट्रको निर्माणको प्रक्रिया खण्डित हुने खतरा : विभिन्न जनजाति वा अल्पसङ्ख्यक जातिहरूलाई राष्ट्र वा 'नेशनलिटिज' का रूपमा पनि परिभाषित गर्ने गरेका छन्। त्यो गलत व्याख्या हो। देशका कुनै पनि जनजाति वा अल्पसङ्ख्यक जातिको 'राष्ट्र' वा 'नेशनलिटिज' को रूपमा विकास भैसकेको छैन। देशका सबै जाति, जनजाति वा विभिन्न भाषा र संस्कृति भएका जनताको एकीकरणबाट नेपाल राष्ट्रको निर्माण हुन सक्दछ र त्यो प्रक्रिया अगाडि बढिरहेको छ। अहिलेका जातिवादी वा क्षेत्रीयतावादी सोचाइहरूले राष्ट्र निर्माणको त्यो प्रक्रियालाई उल्टो दिशामा लैजाने र राष्ट्र निर्माणको प्रक्रियामा बाधा पुराउने काम गरिरहेका छन्। हाम्रो पार्टीले राष्ट्र निर्माणको प्रक्रियामा बाधा पुऱ्याउने जातिवादी र क्षेत्रीयतावादी प्रयत्नहरूको प्रक्रियाको विरोध गर्दै विभिन्न जाति, जनजाति, भाषा र संस्कृति मिलेर बनेको एउटा राष्ट्रको रुपमा नेपाललाई ऐक्यवद्धता र सुदृढ राख्नु पर्ने आवश्यकतामा जोड दिन्छ। त्यो अवस्थामा देशमा जातीय आधारमा कायम हुने राज्यहरू वास्तवमा जनजाति वा अल्पसङ्ख्यक जातिहरूका नै राज्यहरू हुनेछन्। त्यसरी केही जातीय राज्यहरूको निर्माण भए पनि सवै जनजातिहरूका जातीय राज्यहरू कायम हुन सक्ने छैनन्।

४. जातीय, क्षेत्रीय विग्रह र राष्ट्रिय विखण्डनको खतरा : एकपल्ट जातीय आधारमा राज्यको निर्माणको प्रक्रिया सुरु भएपछि अन्य जाति वा जनजातिहरूले पनि आफ्ना लागि बेग्लै राज्यहरूको माग गर्न थाल्नेछन्। त्यसबाट विभिन्न जातिहरूका बीचमा नै अन्तरकलहको अवस्था उत्पन्न हुनेछ। देशमा राजनैतिक, आर्थिक वा व्यवहारिक दृष्टिले असन्तुलनको स्थिति उत्पन्न हुने छ र त्यसबाट राजनैतिक स्थिरता वा आर्थिक विकासमा प्रतिकूल असर पर्नेछ। त्यसबाट आर्थिक विकास, यातायात र जीवनका सवै क्षेत्रहरूमा गम्भीर समस्या उत्पन्न हुनेछ। एकपल्ट क्षेत्रीय राज्यको निर्माणको प्रक्रिया सुरु भएपछि त्यसभित्र कैयौं साना-साना

क्षेत्रहरूले आफ्ना लागि बेग्लै राज्यहरूको माग गर्न थाल्नेछन् र क्षेत्रीय विग्रहको अवस्था उत्पन्न हुनेछ। त्यस प्रकारको जातीय वा क्षेत्रीय विग्रहहरूले देशमा राष्ट्रिय विखण्डनको अवस्था उत्पन्न हुनेछ।

५. **नेपालमा लेनिनवादी सिद्धान्तका विरुद्ध आत्मनिर्णयका अधिकारको अवधारणा :** देशमा सङ्घीय शासन प्रणाली कायम गर्ने कुरामा जोड दिने बेलामा आत्मनिर्णयको अधिकार वा पृथक बन्ने अधिकार सहितको आत्मनिर्णयको अधिकारको कुरा पनि अगाडि आएको छ। यो लेनिनवादी सिद्धान्त हो। तर पृथक बन्ने अधिकार सहितको आत्मनिर्णयको अधिकार कुनै साम्राज्यवादी देश अन्तर्गतका पराधीन राष्ट्रका सन्दर्भमा नै सही हो। तर नेपाल स्वयं अर्धसामन्ती र अर्धऔपनिवेशिक देश हो र यस अन्तर्गत कुनै पराधीन राष्ट्रहरू छैनन्। त्यसकारण पृथक बन्ने अधिकार सहितको लेनिनवादी आत्मनिर्णयको अधिकार नेपालका सन्दर्भमा सही विचार होइन। पहिले जातीय वा क्षेत्रीय आधारमा सङ्घीय राज्यको निर्माणको कुरा, त्यसपछि पृथक बन्ने अधिकार सहितको आत्मनिर्णयको अधिकारको कुरा–त्यसप्रकारका विचारहरूले निश्चित रूपले देशमा कैयौँ स्वतन्त्र राज्यहरूको माग, देशको विखण्डन र नेपालको अस्तित्वको अन्त हुने सम्भावना रहने छ। त्यसरी त्यो वास्तवमा बाइसे/चौबिसे वा भुरेटाकुरे राज्यहरूको पुनर्स्थापनाको सिद्धान्त हो। तर अहिलेको विश्वको परिस्थिति र नेपालको भू-राजनीतिक स्थितिमा त्यस प्रकारका साना राज्यहरूलाई कायम राख्नु सम्भव छैन। यस सन्दर्भमा संयुक्त राष्ट्र सङ्घद्वारा प्रतिपादित आत्मनिर्णयबारे पनि केही स्पष्टताको आवश्यकता छ। त्यसले आदिवासी विभिन्न जनसमूहहरू वा व्यक्तिहरूका लागि पनि आत्मनिर्णयको अधिकारको कुरा गर्दछ। त्यसलाई स्वीकार गर्नु पर्दछ। तर त्यसले उपनिवेशहरू बाहेक अन्य देशहरूमा पृथक हुने कुरा गर्दैन र त्यसरी संयुक्त राष्ट्र सङ्घको त्यो सिद्धान्तले पनि पृथकतावादी सोचाइलाई मान्यता दिँदैन। नेपालको सन्दर्भमा आत्मनिर्णयको अधिकारको परिणाम अन्ततः राष्ट्रिय विखण्डन, देशको स्वतन्त्र अस्तित्वको अन्त, सिक्किमीकरण वा नेपालको भारतीय सङ्घमा विलय नै हुनेछ।

६. **वैज्ञानिक मापदण्डका आधारमा आदिवासी, जनजाति आदिको वर्गीकरण :** नेपालमा आदिवासी, जनजाति, अल्पसङ्ख्यक, पिछडिएका जात, जाति सहित कैयौं जातिहरूका मानिसहरू बस्दछन्। तर को आदिवासी, जनजाति, अल्पसङ्ख्यक वा पिछडिएको जात, जाति हो वा होइन ? त्यसबारे अहिलेसम्म वैज्ञानिक आधारमा कुनै परिभाषा वा व्याख्या गरिएको छैन। त्यसले गर्दा त्यसबारे स्वेच्छाचारी प्रकारको व्याख्या गर्ने गरेको पाइन्छ र त्यसको परिभाषा स्वरूप विभिन्न जातिहरूको बीचमा कैयौँ विवाद बढेको पाइन्छ। को आदिवासी हो र होइन ? त्यो कुरा कुनै कालखण्डलाई निर्धारित गरेर छुट्टाउनु पर्दछ। त्यही अन्तर्राष्ट्रिय परमपरा हो र नेपालमा पनि त्यही प्रणाली अपनाइनु पर्दछ। को जनजाति हो र होइन ? त्यो कुरा कुनै जाति विशेषको आर्थिक, सामाजिक र सांस्कृतिक विकासको अवस्थाको मूल्याङ्कन गरेर निर्णय गरिनु पर्दछ। कुनै जाति विशेष आर्थिक, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएको अवस्थामा रहँदासम्म जनजाति रहन्छ, तर त्यसबाट माथि उठेपछि त्यो जनजाति रहन्न र त्यो अल्पसङ्ख्यक जाति हुन्छ, जस्तै कि नेवार जाति। देशमा आदिवासी जनजातिलाई एकै ठान्ने धारणाहरू पनि पाइन्छ, त्यो सही सोचाइ होइन। को पिछडिएको जात, जाति हो र होइन ? त्यो कुरा मानव सूचकाङ्कका आधारमा निर्णय गरिनु पर्दछ। हाम्रो पार्टीले मनोमानी प्रकारले होइन समाजशास्त्रीय र वैज्ञानिक मापदण्डको आधारमा आदिवासी, जनजाति, अल्पसङ्ख्यक जाति, पिछडिएका जात, जातिका बीचमा वर्गीकरण गर्ने वा सूचकित गर्नु पर्ने आवश्यकतामा जोड दिन्छ।

## परिच्छेद-५
# राज्यको पुनर्संरचना र स्थानीय स्वायत्त शासनको स्वरूप

१. **सङ्घीयताबाट सामन्ती शोषण, उत्पीडनलाई कायम राख्न नै मद्दत :** हाम्रो देशमा ठूलो सङ्ख्यामा पिछडिएका जात वा जातिहरूको बसोबास छ। हाम्रो पार्टीले जातीय र क्षेत्रीय आधारमा उनीहरूमाथि भैरहेको शोषण, उत्पीडन वा भेदभावको अन्तमा जोड दिन्छ र तिनीहरूको भाषा, संस्कृति, सामाजिक अवसर र आर्थिक उठानका लागि ठोस प्रकारले प्रयत्न गर्नु पर्ने आवश्यकतामा जोड दिन्छ। मानव सूचकाङ्कका आधारमा त्यस प्रकारका पिछडिएका जात जातिहरूका हितहरूको संरक्षणका लागि विशेष प्रयत्न गरिनु पर्दछ। सङ्घीयताले उनीहरूका समस्याहरूको हल गर्ने छैन। त्यसले (सङ्घीयताले) शोषित-पीडित जनताको एकता र वर्गसङ्घर्षलाई कमजोर पार्नेछ। त्यसरी सामन्ती व्यवस्थालाई टिकाउन मद्दत गर्नेछ। त्यो अवस्थामा उनीहरूमाथि भैरहेका शोषण, उत्पीडन र भेदभाव समाप्त हुने होइन, तर झन् बढेर जानेछन्। त्यसैले त्यस प्रकारका शोषण, उत्पीडन र भेदभावको अन्तका लागि सबै शोषित, उत्पीडित जनताको बलियो वर्गीय एकता र वर्गसङ्घर्षको आवश्यकता छ। त्यस प्रकारको वर्गसङ्घर्षले नै उनीहरूलाई मुक्ति दिलाउन सक्नेछ।

२. **प्रजातान्त्रिक विकेन्द्रियता र स्थानीय स्वायत्त शासनमाथि आधारित एकात्मक प्रणाली :** देशमा शताब्दियौँदेखि सामन्ती र केन्द्रिकृत एकात्मक प्रणाली कायम रहँदै आएको छ। त्यसको स्वरूप प्रजातान्त्रिक र प्रतिक्रियावादी छ र त्यसको अन्त हुनु

पर्दछ। तर त्यसको सही विकल्प सङ्घीयता होइन। त्यसको सही विकल्प प्रजातान्त्रिक विकेन्द्रियता र स्थानीय स्वायत्त शासनमाथि आधारित एकात्मक प्रणाली नै हो। त्यसको स्वरूप वा कार्यप्रणाली तल लेखिए अनुसार हुनेछ।

३. नेपालमा मिश्रित वसोवासको प्रणाली : नेपाल विभिन्न जात-जाति, भाषाभाषी र संस्कृति भएका जनताको बसोबास भएको देश हो। ती बेग्ला-बेग्लै जातिहरू देशका विभिन्न भागहरूमा फैलिएर मिश्रित रूपले बसोबास गर्ने चलन छ र त्यो प्रचलन बढ्दै गइरहेको छ। ती राष्ट्रिय विशेषताहरूमाथि ध्यान दिँदै बेग्ला-बेग्लै जात/जाति वा भाषाभाीषका बीचमा एकतालाई प्राथमिकता दिँदै राज्यको पुनर्संरचना गरिने छ। नेपाल बहुजातीय र बहुभाषिक देश हो। त्यसैले बेग्ला-बेग्लै क्षेत्र, जाति वा संस्कृतिलाई मिलाएर प्रदेशहरूको गठन गरिने छ।

४. प्रदेशहरुको विभाजन : एकातिर, देशका बेग्लाबेग्लै जात, जाति र संस्कृतिहरूलाई र, अर्कातिर, उत्तर र दक्षिणका विभिन्न भूभागहरूलाई मिलाएर प्रदेशहरूको निर्माण गर्नु पर्दछ। त्यसरी प्रदेशहरूको निर्माण गर्दा विद्यमान अञ्चलहरूलाई मिलाएर निम्न प्रकारले प्रदेशहरूको विभाजन गरिने छ :

(१) कोशी प्रदेश : मेची र कोशी अञ्चललाई मिलाएर।

(२) सगरमाथा प्रदेश : जनकपुर र सगरमाथा अञ्चललाई मिलाएर।

(३) बाग्मती प्रदेश : बागमती र नारायणी अञ्चललाई मिलाएर।

(४) गण्डकी प्रदेश : गण्डकी र धवलागिरी अञ्चललाई मिलाए।

(५) लुम्बिनी प्रदेश : राप्ती र लुम्बिनी अञ्चललाई मिलाएर।

(६) महाकाली प्रदेश : भेरी, सेती र महाकाली अञ्चलहरूलाई मिलाए।

(७) कर्णाली प्रदेश : कर्णाली अञ्चल मात्र।

स्पष्टीकरण : १. कर्णाली अञ्चलको विशिष्ट अवस्थामाथि ध्यान दिँदै त्यसलाई बेग्लै प्रदेशका रूपमा निर्माण गरिने छ।

२. माथि उल्लेखित प्रदेशहरू सङ्घीय व्यवस्था अन्तर्गतका प्रदेशहरू नभएर खालि प्रशासकीय काम कारवाहीका लागि बनाइने प्रदेशहरू हुनेछन्।

५. स्थानीय स्वायत्त शासन र मौलिक अधिकार : स्थानीय स्वायत्त शासनलाई जनताको मौलिक अधिकारका रूपमा स्थापित गरिने छ। स्थानीय निकायहरूलाई संवैधानिक अङ्गको रूपमा मान्यता दिइने छ। तिनीहरूलाई संविधान र संसदले बनाएको कानूनभित्र रहेर स्वतन्त्र रूपले काम गर्ने अधिकार रहने छ। सरकार र कुनै पनि तहको स्थानीय इकाइहरूका बीचका कुनै

विवाद उठेमा प्रदेश र जिल्ला स्तरीय स्थानीय इकाइहरूबारे सर्वोच्चले र गाउँ स्तरीय इकाइहरूबारे उच्च अदालतले मुद्दाहरू टुङ्गाउने व्यवस्था गरिने छ ।

६. पिछडिएका जात, जातिलाई जातीय स्वायत्त शासन र जातीय अग्राधिकार : मानव सूचकाङ्कका आधारमा पिछडिएका जात, जातिको सूचि तयार पारिने छ । त्यस प्रकारका सूचीकृत जात, जातिका मानिसको घना बस्ती भएका वा अत्यधिक बहुसङ्ख्यक जनता वसोवास गर्ने गाउँहरूमा स्थानीय जातीय स्वायत्त शासन कायम गरिने छ । त्यो जात, जातिका जनतालाई जातीय अग्राधिकार दिइने छ । त्यो जातिको व्यक्ति नै त्यहाँको प्रमुख हुनेछ । त्यहाँ वसोवास गर्ने अन्य जाति वा जातिहरूलाई उनीहरूको जनसङ्ख्याका आधारमा समानुपातिक प्रतिनिधित्व गराइने छ ।

६. विशुद्ध जातीय आधारमा जातीय स्वायत्त शासन र जातीय अग्राधिकारको विरोध : सन्दर्भमा २ वटा कुराहरू स्पष्ट हुनु आवश्यक छ : प्रथम, पिछडिएका सूचीकृत जात, जातिका मानिसहरू कुनै प्रदेश वा जिल्लामा अत्यधिक बहुसङ्ख्यक रूपमा वसोवास गरेको पाइन्न । त्यसकारण गाउँ स्तरमा बाहेक प्रदेश स्तरमा त्यस प्रकारका जातीय स्वायत्त शासन वा जातीय अग्राधिकारको सम्भावना छैन । द्वितीय, मानव सूचकाङ्कका आधारमा सूचीकृत पिछडिएका जात-जाति बाहेक विशुद्ध जातीय आधारमा जातीय राज्य, जातीय स्वायत्त शासन वा जातीय अग्राधिकारको अवधारणालाई दृढतापूर्वक अस्वीकार गरिनु पर्दछ ।

८. जनजाति र दलितहरूका राष्ट्रिय काउन्सिलहरू : कुनै जिल्ला वा गाउँमा कुनै पिछडिएको जात-जातिको स्थानीय जातीय स्वायत्त शासन कायम गर्नुका साथै देशभरमा छरिएर बसेका जनजाति र दलित जातिहरूको प्रतिनिधित्व वा अधिकारहरूको संरक्षणका लागि राष्ट्रियस्तरमा जनजाति र दलितहरूका दुई बेग्ला-बेग्लै राष्ट्रिय काउन्सिलहरूको गठन गरिने छ । तिनीहरूमा सम्बन्धित जात वा जातिको जनसङ्ख्याको अनुपातमा प्रतिनिधिहरू रहने छन् । ती प्रतिनिधिहरू सम्बन्धित क्षेत्रहरूका सम्बन्धित जात-जातिका व्यक्तिहरूको मतदानद्वारा निर्वाचित हुनेछन् । तिनीहरूको चुनाव कार्यक्षेत्र र कार्यप्रणाली संसदले बनाएको कानुन अनुसार सम्पन्न हुनेछन् । राष्ट्रिय काउन्सिलहरूले आवश्यकतानुसार प्रादेशिक वा जिल्ला स्तरमा सम्बन्धित जनजाति वा दलित जातिहरूका काउन्सिलहरूको गठन गर्न सक्नेछन् । ती बेग्ला-बेग्लै स्तरका जातीय काउन्सिलहरूले सम्बन्धित स्तरको सरकार, स्थानीय प्रशासन वा तिनीहरूका बेग्ला-बेग्लै निकायहरूसित सम्पर्क राखेर सम्बन्धित क्षेत्रहरूका जनजाति वा दलित जातिका हक र अधिकारको रक्षा, भाषा, संस्कृतिको संरक्षण तथा आर्थिक, सामाजिक हित तथा उत्थानका लागि काम गर्नेछन् । तिनीहरूले अर्ध-सरकारी संस्थाको रूपमा काम गर्नेछन् ।

९. स्थानीय स्वायत्त शासनका तह : स्थानीय स्वायत्तशासनका तीन तह हुनेछन् : १. प्रदेश । २. जिल्ला । ३. गाउँ वा नगरपालिका । सबै तहका स्थानीय निकायहरूमा प्रशासनिक प्रतिनिधिहरू रहने व्यवस्था गरिने छ । उनीहरूको काम मुख्य रूपमा प्रशासन र स्थानीय निकायहरूका बीचमा सम्बन्ध र तालमेल कायम गर्ने हुनेछ । उनीहरूलाई स्थानीय निकायहरूको काममा सल्लाह र सहयोग गर्ने मात्र अधिकार हुनेछ र कुनै विषयमा निर्णायक भूमिका खेल्ने वा स्थानीय निकायहरूको काममा हस्तक्षेप गर्ने अधिकार हुनेछैन । गाउँ स्तरमा स्वायत्त शासनको पक्ष प्रधान हुनेछ र प्रशासनको पक्ष गौण हुनेछ । प्रदेश तहमा प्रशासनको पक्ष प्रधान हुनेछ र स्वायत्त शासनको पक्ष गौण हुनेछ । जिल्ला तहमा दुवै पक्षको भूमिका सामान्यतः समान रहने छ । संविधानमा गाउँका सन्दर्भमा उल्लेख गरिएका सबै नियमहरू नगरपालिकाका सन्दर्भमा पनि लागू हुनेछन् ।

१०. गाउँ स्थानीय समितिको व्यवस्था : स्थानीय स्वायत्त शासनको सबैभन्दा तल्लो एकाई गाउँ हुनेछ । गाउँमा स्वायत्त शासनको तीनवटा अङ्गहरू हुनेछन् : प्रथम, वडा समिति । द्वितीय, गाउँ समिति । तृतीय, गाउँ प्रतिनिधि सभा । गाउँलाई आवश्यकतानुसार कैयौं चुनाव क्षेत्रहरूमा बाँडेर गाउँ प्रतिनिधिसभाका चुनाव क्षेत्रहरूमा प्रतिनिधिहरूको प्रत्यक्ष मतद्वारा चुनाव गरिने छ । त्यसरी चुनिएका प्रतिनिधिहरूबाट गाउँ समितिको गठन हुनेछ । वडाबाट चुनिएका प्रतिनिधिहरूलाई मिलाएर वडा समिति बन्नेछ । गाउँसभाका लागि महिला र सूचीकृत जात तथा जातिका लागि आरक्षित सीटहरू हुनेछन् । गाउँमा सूचीकृत जात-जातिको जनसङ्ख्याको अनुपातमा उनीहरूका प्रतिनिधिहरूको सङ्ख्या निश्चित गरिने छ र तिनीहरूको चुनाव गरिने छ । गाउँ समितिका अध्यक्ष र उपाध्यक्षको चुनाव पूरै गाउँको प्रत्यक्ष मतदानबाट हुनेछ । गाउँका सबै स्तरको चुनावको प्रक्रिया, आरक्षित सीट, अध्यक्ष वा उपाध्यक्षको चुनाव प्रक्रिया संसदले बनाउने कानुन अनुसार हुनेछ ।

११. जिल्ला स्थानीय समितिको व्यवस्था : जिल्ला स्तरमा जिल्ला प्रतिनिधिसभा र जिल्ला समितिहरू हुनेछन् । जिल्ला सभाका लागि सबै गाउँहरूबाट १/१ जना प्रतिनिधिहरूको चुनाव हुनेछ । त्यो बाहेक जिल्लामा महिला वा सूचीकृत जात/जातिका लागि आरक्षित सीटहरू छुट्टाइनेछन् । गाउँहरूबाट जिल्ला सभाका लागि प्रतिनिधिहरूको चुनाव गाउँका अध्यक्ष वा उपाध्यक्षहरूको पनि चुनावको सँगै हुनेछ । आरक्षित सिटका लागि जिल्लाभरका सम्बन्धित समुदाय वा जातिहरूका मतदाताहरूबाट बेग्लै निर्वाचन गराइने छ । जिल्ला सभाले अध्यक्ष, उपाध्यक्ष सहित जिल्ला समितिको चुनाव गर्नेछ । उक्त चुनावको सम्पूर्ण प्रक्रिया संसदले कानुन बनाए अनुसार हुनेछ ।

१२. प्रादेशिक स्थानीय समितिको व्यवस्था : जिल्ला प्रतिनिधि सभाहरूबाट १/१ जना प्रतिनिधिहरू निर्वाचित भएर प्रादेशिक समितिको गठन हुनेछ । प्रादेशिक समितिको प्रतिनिधिका लागि जिल्ला सभाभित्रका वा बाहिरका व्यक्तिहरू पनि उम्मेदवार

बन्न सक्नेछन् । तर जिल्ला सभाको प्रतिनिधि प्रादेशिक समितिमा चुनिएमा त्यो स्थान रिक्त हुनेछ र त्यसमा पुनः निर्वाचन गर्नु पर्नेछ । प्रादेशिक स्तरमा प्रादेशिक समितिहरू मात्र हुनेछन् र गाउँ वा जिल्लामा जस्तो प्रतिनिधि सभाहरू हुने छैनन् ।

१३. जिल्लाहरुको पुनर्गठन : जिल्लाहरूको आवश्यकतानुसार पुनर्गठन गरिने छ । त्यसरी जिल्लाहरूको पुनर्गठन गर्दा दुई वटा कुराहरूमाथि विशेष रूपले ध्यान दिइने छ । प्रथम, सामान्यतः बेग्ला-बेग्लै भौगोलिक क्षेत्र, भाषा, जाति, संस्कृति आदिमा एकरूपता कायम गर्ने । द्वितीय, नेपालको भौगोलिक र यातायातको अवस्था, सदरमुकाममा आवागमनको सुविधामाथि ध्यान दिदै ठूलो आधारमा जिल्लाहरूमा पुनर्गठन गरेर मझौला आकारका जिल्लाहरूको निर्माण गर्ने । अहिलेको जिल्लाहरूको वनौटमाथि विचार गर्दा तिनीहरूमा भौगोलिक बनावट, जाति वा भाषाहरूमा आमरूपमा एकरूपता भएको पाइन्छ । तर त्यसमा केही परिवर्तनको आवश्यकता छ । त्यस प्रकारको परिवर्तन वा पुनर्गठनका लागि सबै जिल्लाहरूको विस्तृत र वैज्ञानिक अध्ययन गरेर तिनीहरूमा पुनर्गठनका लागि प्रयत्न गर्नु पर्नेछ । ती कामहरू सम्पन्न गर्न गहन गृहकार्य गर्नुपर्ने, देशव्यापी रूपमा सुझावहरूको सङ्कलन गर्नुपर्ने तथा छलफल चलाउनु पर्ने आवश्यकता हुनेछ । ती सबै काम गर्दै संसदद्वारा जिल्लाहरूको पुनर्गठनको काम गरिने छ । आवश्यकतानुसार गाउँहरूको पुनर्गठनको काम पनि संसदले गर्नेछ ।

१४. राष्ट्रपतिको चुनाव, जिल्लाहरूका प्रतिनिधि सभाका सदस्यहरूलाई मतदानको अधिकार र प्रादेशिक समितिका सदस्यहरुको राष्ट्रिय सभामा प्रतिनिधित्व : राष्ट्रपतिको चुनावमा संसदका दुवै सदनका साथै जिल्लाहरूका प्रतिनिधि सभाका सदस्यहरूलाई मतदान गर्ने अधिकार हुनेछ । व्यवस्थापिकाको राष्ट्रिय सभाका लागि प्रादेशिक समितिबाट २/२ जना प्रतिनिधिहरू निर्वाचित हुनेछन् । त्यस प्रकारको व्यवस्थाबाट स्थानीय निकायहरूलाई संवैधानिक स्थान प्राप्त हुनेछ ।

१५. शोषित, उत्पीडित जनताको ऐक्यवद्धता : नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक देश हो । सामन्ती व्यवस्था अन्तर्गत विभिन्न जात, जाति, भाषा, संस्कृति र धर्महरूलाई दवाउने काम गरिएको थियो । विभिन्न जाति, भाषा, संस्कृति र धर्ममाथि गरिएको त्यस प्रकारको शोषण, उत्पीडन, भेदभाव र दमनको अन्तका लागि सङ्घर्ष गर्नुपर्दछ । त्यसका लागि सामन्ती व्यवस्थालाई समाप्त गर्नु पर्दछ । त्यो कार्य सबै शोषित, उत्पीडित जनताको ऐक्यवद्धता र सङ्घर्षको आधारमा नै हुन सक्दछ । हाम्रो पार्टीले त्यस प्रकारका सबै शोषण, उत्पीडन र भेदभावका विरुद्ध सबै शोषित, उत्पीडित जनताको ऐक्यवद्धता गरेर सङ्घर्ष सङ्गठित गर्न पहल गर्नेछ ।

१६. शीघ्र स्थानीय निकायहरूको चुनावमा जोड : देशमा लामो समयदेखि स्थानीय निकायहरूको चुनाव भएको छैन । त्यसले स्थानीय निकायहरूमाथिको सरकार वा प्रशासनको स्वेच्छाचारी नीतिलाई बताउँछ । त्यस प्रकारको नीतिले स्थानीय निकायहरू पूरै प्रशासनको अधिन भएको कुरालाई बताउँछ । हामीले त्यस प्रकारको स्थितिलाई बदलेर स्थानीय स्वायत्ता शासनलाई मौलिक अधिकारको रूपमा वा संवैधानिक अङ्गको रूपमा स्वीकार गर्नु पर्ने आवश्यकतामा जोड दिएका छौं । त्यसको अर्थ यो हुनेछ कि उनीहरूले संसदले बनाएको कानुन अनुसार प्रशासनको हस्तक्षेप बिना काम गर्न सक्नेछन् । त्यो अवस्थामा प्रशासनलाई स्वेच्छाचारी प्रकारले उनीहरूको चुनावमा हस्तक्षेप गर्ने अधिकार हुने छैन । अहिले लामो समयदेखि स्थानीय निकायहरूको चुनाव नभएको हुनाले हामीले छिटोभन्दा छिटो तिनीहरूको चुनाव हुनु पर्ने आवश्यकतामा पनि जोड दिन्छौं ।

## परिच्छेद-६
# तराई वा मधेशको समस्या

१. तराईमा शोषण, उत्पीडन वा भेदभावका विरुद्धको सङ्घर्षमा कम्युनिष्ट पार्टीको भूमिका : मधेश वा तराईका जनता शताब्दियौंदेखि सामन्ती शासक वर्गको शोषण, उत्पीडन वा भेदभावका शिकार हुँदै आएका छन् । उनीहरूका भाषा, संस्कृतिमाथि दमन हुँदै आएको छ । तराई वा मधेशका जनतामाथि हुने त्यस प्रकारको सामन्ती शोषण, उत्पीडन वा भेदभावका विरुद्ध व्यापक र सङ्गठित आन्दोलनको आवश्यकता छ । तराईका जनताको मुक्तिका लागि, एकातिर, सामन्ती शासक र, अर्कातिर, स्थानीय सामन्तहरू वा जमिन्दारहरूका विरुद्ध व्यापक र शक्तिशाली आन्दोलनको आवश्यकता छ । गत दशकहरूमा तराईमा त्यसप्रकारका आन्दोलनमा कम्युनिष्ट पार्टीको सबैभन्दा प्रमुख, अग्रगामी र नेतृत्वदायी भूमिका रहने गरेको छ । कम्युनिष्ट पार्टीको नेतृत्वमा तराई वा मधेशमा ठूला-ठूला किसान आन्दोलनहरू चल्ने गरेका छन्

२. तराईका जनता माथिका शोषण र उत्पीडनका विरुद्धको असन्तोष प्रगतिशील : तराई वा मधेशका जनतामाथि हुने शोषण, उत्पीडन वा भेदभावका विरुद्ध त्यहाँका जनतामा देखा पर्ने असन्तोष वा भावनाहरू प्रगतिशील वा न्यायपूर्ण छन् । त्यस प्रकारका आन्दोलनहरूलाई समर्थन गर्नु पर्दछ र तिनीहरूलाई अगाडि बढाउने प्रयत्न गर्नु पर्दछ ।

३. तराईका जनताका प्रगतिशील अशंतोष वा आन्दोलनहरूलाई गलत दिशामा मोड्ने प्रयत्न : तराई वा मधेशमा त्यहाँका जनताका न्यायपूर्ण असन्तोष वा आन्दोलनहरूलाई अन्ध-क्षेत्रीयतावादी, पृथकतावादी वा साम्प्रदायिक दिशा वा रूप दिनका लागि पनि प्रयत्न भैरहेका छन् । त्यस सिलसिलामा पहाडी र मधेशका जनताको बीचमा वैमनस्यता पैदा गर्ने वा देशलाई

टुक्राउनेसम्मका विचारहरू अगाडि आउने गरेका छन् । मधेश वा तराईमा वसोवास गर्ने मधेशी वा पहाडी दुवै प्रकारका शोषित, उत्पीडित जनताका बीचमा व्यापक एकताको आवश्यकता छ र त्यस प्रकारको एकताद्वारा नै त्यहाँ हुने सबै प्रकारका सामन्ती शोषण, उत्पीडन वा भेदभावका विरुद्ध सङ्घर्षलाई अगाडि बढाउन सकिने छ र सक्नु पर्दछ । तर पहाडी र मधेशीका बीचमा क्षेत्रीय वा साम्प्रदायिक भेदभाव, विरोध वा वैमनस्यता पैदा गर्ने कुराले शोषित जनताका बीचको एकता वा सामन्तवादी व्यवस्थाका विरुद्धको आन्दोलन वा वर्गसङ्घर्षलाई कमजोर पार्नेछ र त्यसले सामन्ती व्यवस्थालाई नै मद्दत पुऱ्याउने छ । भारतीय विस्तारवादले पनि तराईका जनताको न्यायपूर्ण असन्तोष र आन्दोलनहरूलाई आफ्ना विस्तारवादी उद्देश्यहरूका पक्षमा उपयोग गर्न दशकौं देखि योजनावद्ध प्रकारले षडयन्त्र गर्दै आएको छ र त्यो उद्देश्य पूरा गर्न तराई वा मधेशका विभिन्न सङ्गठन वा आन्दोलनहरूमा घुसपैठ गर्दै आफ्ना विस्तारवादी उद्देश्यहरू पूरा गर्नका लागि उपयोग गर्ने नीति अपनाइरहेको छ । त्यसका लागि कैयौं राजनीतिक वा भूमिगत सङ्गठनहरूको पनि निर्माण गर्दै आएको छ ।

४. तराई वा मधेशका शोषित, उत्पीडित जनता पिछडिएका क्षेत्रहरूको समस्या : हामीहरू यसबारे स्पष्ट हुनु पर्दछ कि तराई वा मधेशको समस्या कुनै बेग्लै समस्या नभएर देशमा विद्यमान सामन्ती व्यवस्थाद्वारा उत्पन्न देशका सबै शोषित, उत्पीडित जनता, जात, जाति, जनसमुदाय वा पिछडिएका क्षेत्रहरूको समस्या हो । त्यसकारण त्यो, देशका सबै शोषित, पीडित जनता वा क्षेत्रहरूको राष्ट्रिय समस्या हो र देशका सबै शोषित, पीडित जनताको समस्या हो । सबै शोषित, उत्पीडित जनता वा पिछडिएका क्षेत्रहरूको एकतावद्ध आन्दोलन र सामन्ती व्यवस्थाको अन्तद्वारा नै त्यो समस्याको समाधान हुन सक्नेछ । तर तराईमा देखा पर्ने अन्ध-क्षेत्रीयतावादी, साम्प्रदायिक वा पृथकतावादी सोचाइ वा गतिविधिहरूले त्यस प्रकारको एकतालाई कमजोर पार्नेछ । त्यसको परिणामस्वरूप सामन्ती व्यवस्थाका विरुद्धको आन्दोलन कमजोर हुनेछ र स्वयं तराई वा मधेशका जनताका हितहरूमाथि पनि कुठाराघात हुनेछ ।

५. सबै मधेशी सङ्गठन वा आन्दोलनहरूको समर्थन तर मधेशवादीको विरोध : मधेशको सन्दर्भमा एउटा अर्को कुराप्रति पनि ध्यान दिनु पर्ने आवश्यकता छ । हामीले सबै मधेशी सङ्गठन, उनीहरूका आन्दोलन वा गतिविधिहरूको विरोध गर्दैनौं । तराईका जनतामाथि भैरहेको शोषण, उत्पीडन वा भेदभावका विरुद्धका सबै न्यायपूर्ण आन्दोलनहरूलाई हामीले दृढतापूर्वक समर्थन गर्दछौं र त्यस प्रकारका आन्दोलनहरूमा कार्यरत सबै सङ्गठनहरूसित ऐक्यद्धता कायम गर्ने कुरामा जोड दिन्छौं । हामीले त्यस प्रकारका सबै सङ्गठनहरूलाई मधेशवादी भनेर आलोचना पनि गर्दैनौं । तर जसले तराईका जनतामाथि भैरहेका शोषण, उत्पीडन वा भेदभावको विरोधको नाममा भारतका विस्तारवादी स्वार्थलाई समर्थन गर्ने, देशको राष्ट्रियता, सार्वभौमिकता वा अखण्डतामा आँच पुऱ्याउने काम गर्दछन्, उनीहरूलाई हामीले मधेशवादी भनेर विरोध गर्दछौं । उनीहरूका विरुद्ध हाम्रो सम्झौताहीन सङ्घर्षको नीति रहनेछ ।

भाग २

# परिच्छेद-७

# तात्कालिक ठोस राजनीतिक कार्यक्रम

## -अ-

आगामी संविधान सभाको सन्दर्भमा राष्ट्रिय जनमोर्चाले घोषणा गर्दछ :

१. संविधान सभाको चुनाव तोकिएको समयमा हुनु पर्दछ ।
२. लोकतान्त्रिक संविधान : संविधानसभा द्वारा लोकतान्त्रिक संविधानको निर्माण गरिनु पर्दछ ।
३. सामन्ती र केन्द्रीकृत एकात्मक प्रणाली : सामन्ती र केन्द्रीकृत एकात्मक प्रणालीको अन्त गरेर त्यसको ठाउँमा प्रजातान्त्रिक विकेन्द्रीयता र स्थानीय स्वयत्त शासनमाथि आधारित एकात्मक प्रणालीको स्थापना हुनु पर्दछ ।
४. सङ्घीय प्रणाली : सङ्घीय प्रणालीको विरोध र त्यससित जोडिएर आएका जातीय राज्य, आत्मनिर्णयको अधिकार, पृथक बन्ने अधिकार सहितको आत्मनिर्णयको अधिकार, एक मधेश एक प्रदेश, बहुराष्ट्रवाद जस्ता अवधारणाहरू अस्वीकार गरिनु पर्दछ ।
५. राज्यको पुनर्संरचना : देशका शोषित-पीडित जात/जाति, जनसमुदायहरूका हितहरू वा सामाजिक अवसर वा आर्थिक हितहरूको संरक्षण गर्ने गरी राज्यको पुनर्संरचना गरिनु पर्दछ ।
६. पिछडिएका जातिहरूका भाषा, संस्कृति आदिको संरक्षण : आदिवासी, जनजाति, अल्पसङ्ख्यक जाति र अन्य पिछडिएका जातिहरूका भाषा, संस्कृति आदिको संरक्षण, सामाजिक अवसर, आर्थिक उन्नति समेतका लागि प्रभावशाली प्रयत्न गरिनु पर्दछ ।

७. प्रवासी वा आवासीय नेपालीहरूका हक र हितहरूको रक्षा : संसारका विभिन्न देशहरूमा फैलिएका प्रवासी वा आवासीय नेपालीहरूका हक र हितहरूको रक्षाका लागि प्रभावशाली कदमहरू उठाउनु पर्दछ ।
८. प्रवासी नेपालीहरूका मताधिकार तथा समानुपातिक र प्रतिनिधित्व : विदेशमा बस्ने नेपाली नागरिक अर्थात् प्रवासी नेपालीहरूका लागि संविधान वा संसद्को चुनावमा मताधिकार तथा समानुपातिक रूपमा प्रतिनिधित्व सुनिश्चित गरिनु पर्दछ ।
९. विभिन्न शोषित, उत्पीडित वर्ग र जनसमुहहरुका हक र हितको रक्षा : मजदुर, किसान, महिला, जनजाति, युवक, मुस्लिम सहित अल्पसङ्ख्यक, दलित, सुकुम्वासी, बालबालिका, जेष्ठ नागरिक, विद्यार्थी, शिक्षक, बुद्धिजीवी, डाक्टर, नर्स, वकिल, इन्जिनियर, यातायात मजदूर, अपाङ्ग, राष्ट्रिय उद्योगपति, व्यापारी, लेखक, कलाकार, पत्रकार, तेस्रो लिङ्गी, प्रवासी नेपाली, आप्रवासी नेपाली, मधेश, तराई, कर्णाली सहित पिछडिएका क्षेत्र, सशस्त्र द्वन्द्वका कालमा पीडित, विस्थापित आदि सबैका हक, हितहरूको रक्षा गरिनु पर्दछ र उनीहरूका न्यायपूर्ण मागहरू पूरा गरिनु पर्दछ ।
१०. मानव अधिकार र प्रेस स्वतन्त्रता : मानव अधिकार र प्रेस स्वतन्त्रताको रक्षा हुनु पर्दछ ।
११. जेलबन्दीहरूका हक र अधिकारहरूको रक्षा : जेलबन्दीहरूका हक र अधिकारहरूको रक्षा हुनु पर्दछ र जेलहरूको आधुनिकीकरण गरिनु पर्दछ ।
१२. भ्रष्टाचारमा नियन्त्रण : भ्रष्टाचारमा नियन्त्रण गरिनु पर्दछ । राष्ट्रिय सम्पत्तिमा दुरूपयोग वा गवन गर्नेहरूमाथि कडा कारवाही गरेर उनीहरूले भ्रष्टाचार गरेको सम्पत्ति असुल गर्न प्रभावशाली कदम उठाउनु पर्दछ ।

## -आ-

संविधान सभाको मुख्य कार्य संविधानको निर्माण हुनेछ । नयाँ बन्ने संविधानमा हाम्रो पार्टीले तल लेखिएका प्रावधानहरू सामेल गर्ने घोषणा गर्दछ :

१. लोकतान्त्रिक गणतन्त्र : नेपालमा लोकतान्त्रिक गणतन्त्र कायम गरिनेछ ।
२. राष्ट्रपति : राज्यको प्रमुख राष्ट्रपति हुनेछन् । उनले प्रधानमन्त्रीको सल्लाह अनुसार काम गर्नेछन् । राष्ट्रपतिलाई सहयोग गर्नका लागि एक जना उपराष्ट्रपति हुनेछन् ।
३. प्रधानमन्त्री : सरकारको प्रमुख प्रधानमन्त्री हुनेछन् र उनी प्रतिनिधिसभा (संसद) द्वारा निर्वाचित हुनेछन् र त्यसप्रति नै जिम्मेवार हुनेछन् ।
४. संसद द्वि-सदनात्मक : संसद द्वि-सदनात्मक संसद हुनेछ । तिनीहरूमध्ये निम्न सदन प्रतिनिधि सभा र उच्च सदन राष्ट्रिय सभा हुनेछन् ।
५. स्थानीय स्वायत्त शासनलाई संवैधानिक अङ्ग : स्थानीय स्वायत्त शासनलाई संवैधानिक अङ्गका रूपमा मान्यता दिइने छ । स्थानीय निकायहरूलाई संसद्ले बनाएको कानुन अनुसार काम गर्ने पूरा अधिकार हुनेछ ।
६. मानव सूचकाङ्कको आधारमा पिछडिएका जातजातिहरूलाई सूचीकृत : मानव सूचकाङ्कको आधारमा पिछडिएका जातजातिहरूलाई सूचीकृत गर्ने गरेर उनीहरूका हक-हितहरूको संरक्षण गरिने छ ।
७. जातीय स्वायत्त शासन र जातीय अग्राधिकार : सूचीकृत पिछडिएको जनता अत्यधिक बहुसङ्ख्यामा बसोवास गर्ने घना बस्तीहरूमा उनीहरूलाई जातीय स्वायत्त शासन र जातीय अग्राधिकारको व्यवस्था गरिनेछ । त्यहाँ वसोवास गर्ने अन्य जात, जातिहरुलाई उनीहरुको जनसङ्ख्याका आधारमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरिने छ ।
८. प्रमुख संवैधानिक पदहरुमा वंशज नागरिक मात्र : राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, उपप्रधानमन्त्री, प्रधान न्यायाधीश, प्रधान सेनापतिका पदहरूमा वंशज नागरिकहरूलाई मात्र निर्वाचित हुने वा मनोतिन हुने संवैधानिक व्यवस्था गरिने छ ।
९. निर्वाचन पद्धति कानुनमा लेखिए अनुसार : राष्ट्रपतिको निर्वाचनको पद्धति, प्रधानमन्त्रीको चुनाव, संसदका प्रतिनिधिहरूको सङ्ख्या र उनीहरूको निर्वाचन प्रणाली आदिको प्रक्रिया कानुनमा निर्धारित गरिए अनुसार हुनेछ ।
१०. लोकतान्त्रिक मूल्य, मान्यता र बहुदलीय प्रतिस्पर्धा : देशको शासन व्यवस्था लोकतान्त्रिक मूल्य, मान्यता र बहुदलीय प्रतिस्पर्धा अनुसार सञ्चालन गरिनेछ ।
११. मौलिक अधिकारको ग्यारेन्टी : जनतालाई मौलिक अधिकारको ग्यारेन्टी हुनेछ ।
१२. संवैधानिक आयोगहरू : निर्वाचन आयोग, अख्तियार दुरूपयोग आयोग, लोक सेवा आयोग, महालेखा परीक्षक, राष्ट्रिय मानव अधिकार आयोग आदि संवैधानिक आयोगहरूको व्यवस्था गरिने छ ।
१३. जनजातीय र दलित काउन्सिल : जनजाति र दलित जातिहरूका हक र हितहरूको संरक्षणका लागि जातीय र दलित काउन्सिलहरूको व्यवस्था गरिने छ ।
१४. महिला आयोग : महिलाहरुको हक, हितको संरक्षण वा रक्षाका लागि महिला आयोगको गठन गरिने छ ।

१५. भाषासम्बन्धी नीति : देशमा बोलिने सबै भाषाहरूलाई राष्ट्र भाषाका रुपमा मान्यता दिइने छ। नेपाली सम्पर्क भाषा हुनेछ। सरकारी कामकाजी भाषा नेपाली हुनेछ। प्रदेशमा वहुसङ्ख्यक नागरिकले बोल्ने मातृभाषालाई सरकारी कामकाजको द्वितीय भाषाका रूपमा मान्यता दिइने छ। स्थानीय स्तरमा मातृभाषा शिक्षाको माध्यम हुनेछ।

## परिच्छेद-८
## देशको राष्ट्रियता, सार्वभौमिकता र अखण्डता

१. असमान सन्धि, सम्झौता : विदेशसँग सम्पन्न भएका सम्पूर्ण असमान सन्धि, सम्झौता र समझदारीहरूको खारेज हुनुपर्दछ। १९५० को समझौता र बिप्पा सम्झौता खारेज हुनुपर्दछ। उनीहरूले उपभोग गर्दै आएका सबै विशेष सहुलियत र सुविधाहरूको अन्त्य हुनु पर्दछ।
२. नागरिकताबारे : नागरिकता ऐनमा देशको राष्ट्रियतामा आँच पुग्ने, विदेशीहरू नेपालका नागरिक बन्न सक्ने समेत सबै प्रावधानहरू खारेज हुनु पर्दछ। विदेशीहरूलाई दिइएको नागरिकताबारे छानबिन गरेर खारेज गरिनु पर्दछ।
३. नेपाली सीमाको अतिक्रमण : भारतद्वारा नेपाली सीमा अतिक्रमण बन्द हुनु पर्दछ र अतिक्रमण गरिएको भूमि फिर्ता गरिनु पर्दछ। नेपालका विभिन्न क्षेत्रहरूमा भैरहेका हस्तक्षेप, नेपालको सीमाका निकटवर्ती भूभागहरूमा भैरहेका बाँध निर्माण आदि बन्द हुनु पर्दछ।
४. नेपालको जलसम्पदामाथि भारतको प्रभुत्व : नेपालको जलसम्पदामाथिको भारतको बढ्दो प्रभुत्वको अन्त हुनु पर्दछ र जलसम्पदा सम्बन्धी असमान सन्धिहरू खारेज हुनु पर्दछ।
५. कालापानीमा भारतीय सेनाको कब्जा : कालापानीमा भारतीय सेनाको कब्जा समाप्त हुनु पर्दछ र भारतीय सेना लिम्पियाधुराबाट निस्केको काली नदी (कुटियाङ्दी) पारी जानु पर्दछ।
६. विदेशी सेनामा नेपालीहरूको भर्ती : विदेशी सेनामा नेपालीहरूको भर्ती बन्द हुनु पर्दछ।
७. नेपाल-भारत सीमाको व्यवस्थापन : नेपाल भारत सीमालाई प्रचलित अन्तर्राष्ट्रिय मापदण्डका आधारमा व्यवस्थित गरिनु पर्दछ।

## परिच्छेद-९
## परराष्ट्र नीति

१. पारस्परिक समानता र सम्मानका आधारमा मैत्री सम्बन्ध : विश्वका सबै राष्ट्रहरूसँग पारस्परिक समानता र सम्मानका आधारमा मैत्री सम्बन्ध कायम गर्नु पर्दछ।
२. छिमेकी देशहरूसितको समानता र मैत्री सम्बन्ध : छिमेकी देशहरूसित समानता र पारस्परिक हितका आधारमा मैत्री सम्बन्ध कायम गरिनु पर्दछ।
३. उत्पीडित राष्ट्र तथा जनताको मुक्ति आन्दोलन : उत्पीडित राष्ट्र तथा जनताको मुक्ति आन्दोलनलाई सहयोग र समर्थन गर्नु पर्दछ।
४. साम्राज्यवादीहरूद्वारा राजनीतिक, सैनिक, आर्थिक र सांस्कृतिक गठबन्धनहरूको विरोध : साम्राज्यवादीहरूद्वारा निर्माण गरिएका राजनीतिक, सैनिक, आर्थिक र सांस्कृतिक गठबन्धनहरूको विरोध गर्नु पर्दछ।
५. जातिभेद तथा रङ्गभेदको विरोध : जातिभेद तथा रङ्गभेदको विरोध र रङ्गभेदविरुद्धको आन्दोलनप्रति समर्थन तथा ऐक्यवद्धता जाहेर गरिनु पर्दछ।।
६. साम्राज्यवादी, विस्तारवादी तथा प्रभुत्ववादी नीतिको विरोध : कुनै पनि प्रकारको साम्राज्यवादी, विस्तारवादी तथा प्रभुत्ववादी नीतिको विरोध गर्नु पर्दछ।
७. राष्ट्रिय हित अन्तर्गत स्वतन्त्र परराष्ट्र नीति : राष्ट्रिय हित अन्तर्गत स्वतन्त्र परराष्ट्र नीति अबलम्बन गर्नु पर्दछ।
८. अन्तर्राष्ट्रिय स्तरमा साम्राज्यवादविरोधी मोर्चाको निर्माणका लागि पहल : अन्तर्राष्ट्रिय स्तरमा साम्राज्यवादविरोधी एकता र मोर्चाको निर्माणका लागि पहल गर्नु पर्दछ।

## परिच्छेद-१०
# मानव अधिकार र प्रेस स्वतन्त्रता

१. मानवअधिकार आयोगको गठन : उच्च स्तरीय मानवअधिकार आयोगको गठन हुनु पर्दछ र त्यसलाई स्वतन्त्र रूपले काम गर्ने पूरा अधिकार हुनु पर्दछ ।

२. मानव अधिकारको सुरक्षा : मानव अधिकारको सुरक्षा र तिनीहरूको उल्लङ्घनका विरुद्ध कारवाहीको ग्यारेन्टी हुनु पर्दछ ।

३. सबै अन्तर्राष्ट्रिय घोषणा, अभिसन्धिहरूको कार्यान्वयन : सबै अन्तर्राष्ट्रिय घोषणा, अभिसन्धिहरूमा स्वीकृत अधिकारहरू कार्यान्वयन गरिनु पर्दछ ।

४. प्रेसको स्वतन्त्रताको ग्यारेन्टी : प्रेसको स्वतन्त्रताको ग्यारेन्टी हुनु पर्दछ ।

५. पत्रकारहरूको सुरक्षा : पत्रकारहरूको सुरक्षाको व्यवस्था हुनु पर्दछ र उनीहरूमाथि हुने कुनै पनि प्रकारको हिंसाको विरुद्ध राज्यबाट क्षतिपूर्ति वा बिमाको व्यवस्था हुनु पर्दछ ।

६. श्रमजीवी पत्रकार : श्रमजीवी पत्रकार ऐन तदारुकताका साथ लागु हुनु पर्दछ ।

७. पत्रकारहरूको नियुक्ति, पेन्सन र बिमाको व्यवस्था : आधिकारिक कारण बिना पत्रकारहरूलाई प्रकाशकले हटाउने प्रचलन बन्द हुनु पर्दछ र पत्रकारहरूको नियुक्ति, पेन्सन र बिमाको व्यवस्था हुनु पर्दछ ।

८. सूचनाको हकसम्बन्धी ऐन-कानुनहरू : सूचनाको हकसम्बन्धी सम्पूर्ण ऐन-कानुनहरू कार्यान्वयन हुनु पर्दछ ।

९. विचारधारात्मक भूमिका निर्वाह गर्दै आएका साप्ताहिक पत्रिका : विचारधारात्मक भूमिका निर्वाह गर्दै आएका साप्ताहिक पत्रिकाको संरक्षणको लागि सरकारले विज्ञापन र आर्थिक सहयोगको स्पष्ट नीति बनाउनु पर्दछ ।

१०. बिना भेदभाव र पूर्वाग्रह सरकारी विज्ञापन : वर्गीकरणका आधारमा सरकारले बिना भेदभाव र  पूर्वाग्रह सरकारी विज्ञापन उपलब्ध गराउनु पर्दछ ।

११. द्वन्द्वपीडित पत्रकार र तिनका परिवारहरूलाई उचित क्षतिपूर्ति : द्वन्द्वपीडित पत्रकार र तिनका परिवारहरूलाई सरकारले उचित क्षतिपूर्ति र राहतको व्यवस्था गर्नु पर्दछ ।

१२. सञ्चारकर्मीहरूलाई आरक्षित सीट, भाडा छुटको सहुलियत : सञ्चारकर्मीहरूलाई प्राय: आकस्मिक यात्रामा हिड्नु पर्ने हुनाले दुई वटा आरक्षित सीट र ५० प्रतिशत भाडा छुटको सहुलियत प्रदान गर्ने सरकारी नीति बन्नु पर्दछ ।

१३. श्रमजीवी पत्रकारहरूको पेशागत ग्यारेन्टी : श्रमजीवी पत्रकारहरूको पेशागत ग्यारेन्टीका लागि सरकारले स्पष्ट नीति बनाउनु पर्दछ ।

१४. प्रेस पास वितरणको प्रणाली : सूचना विभागले प्रेस पास वितरण गर्दा पत्रकार र गैरपत्रकार राम्ररी पहिचान गर्नु पर्दछ । प्रेस पासको दुरुपयोग हुनु हुँदैन ।

१५. परराष्ट्रबारे सूचनाको हक : सरकारले आफ्नो राष्ट्रिय तथा परराष्ट्र सम्बन्धका प्रश्नमा अपनाउने कुटनीतिका बारेमा सञ्चारलाई गुमराहमा नराखी तुरुन्त जानकारी गराउनु पर्दछ ।

१६. सञ्चार माध्यमहरुप्रतिको सरकारी मानसिकता : सञ्चार जगतलाई सधैं प्रतिद्वन्दीका रूपमा हेर्ने सरकारी मानसिकता बदलिनु पर्दछ ।

## परिच्छेद-११
# स्वतन्त्र न्यायपालिका

१. स्वतन्त्र न्यायपालिका : शक्ति पृथकीकरणको सिद्धान्त अनुसार स्वतन्त्र न्यायपालिकाको स्थापना गरिने छ ।

२. स्वतन्त्र र निष्पक्ष तरिकाले न्यायाधिशहरूको नियुक्ति : कोटा र राजनीतिक भागवण्डाका आधारलाई खारेग गरी संविधानमा व्यवस्था भए बमोजिम स्वतन्त्र र निष्पक्ष तरिकाले न्यायाधीशहरूको नियुक्ति गरिने छ ।

३. भ्रष्टाचार रहित न्यायपालिकाको विकास : विधिको शासन, भ्रष्टाचाररहित न्यायपालिकाको विकास गरिने छ ।

४. संवैधानिकताको संरक्षण र कानुनी व्याख्याको अधिकार : संवैधानिकताको संरक्षण र कानुनी व्याख्याको सर्वोच्च अधिकार सर्वोच्च अदालतमा रहने छ ।

## परिच्छेद-१२
# कृषि र भूमिसुधार

१. सामन्ती शोषण, उत्पीडन : किसानहरूमाथिको सबै सामन्ती शोषण, उत्पीडन समाप्त गरिनु पर्दछ ।
२. प्रतिगामी भूमि कानुन : प्रतिगामी भूमि कानुन खारेज हुनु पर्दछ ।
३. हदवन्दीभन्दा बढी जग्गा : हदवन्दीभन्दा बढी जग्गा बिना मुआब्जा जफत गरेर जोताहा किसानहरूमा वितरण हुनु पर्दछ ।
४. अनुदानमा बृद्धि : किसानहरूलाई मिल्ने अनुदान (क्गदकष्मथ) मा बृद्धि गर्नु पर्दछ ।
५. कृषिमा आधारित उद्योगहरू : कृषिमा आधारित उद्योगहरूको विकास गर्नु पर्दछ । कृषिमा यान्त्रिकीकरण र औद्योगिकीकरण बढाउनु पर्दछ ।
६. हरुवा, चरुवा तथा कृषि मजदुर : हरुवा, चरुवा तथा कृषि मजदुरहरूको हक, हितको रक्षाका लागि कानुन बन्नु पर्दछ ।
७. खेत मजदुर : खेत मजदुरहरूको न्यूनतम ज्याला निर्धारित हुनु पर्दछ ।
८. हलिया, सुकुम्बासी र कमैया : हलिया, सुकुम्बासी र कमैया समस्याको समाधानका लागि प्रभावशाली कदम उठाउनु पर्दछ ।
९. मुक्त कमैया : मुक्त कमैयाको पुनर्वासको व्यवस्था गरिनु पर्दछ ।
१०. ग्रामिण कुटीर उद्योग : ग्रामीण क्षेत्रमा कुटिर उद्योगको विकास गरिनु पर्दछ ।
११. मोहियानी हक : मोहियानी हकको सुरक्षा हुनु पर्दछ ।
१२. ब्याज : ब्याज कम हुनु पर्दछ ।
१३. किसानहरूलाई सामाग्री : किसानहरूलाई सुलभ र सुपथ तरिकाले कृषि सामग्रीहरू उपलब्ध हुनु पर्दछ ।
१४. बिमा : कृषि बालि तथा पशुपालनमा हुने नोक्सानीका लागि बिमाको व्यवस्था हुनु पर्दछ ।
१५. साना किसानहरूको बैङ्क ऋण : साना किसानहरूको सबै बैङ्क ऋण मिनाह हुनु पर्दछ ।
१६. वनजङ्गलको विनास र फडानी : वनजङ्गलको विनास र फडानीमा नियन्त्रण गरिनु पर्दछ ।
१७. कृषि विश्वविद्यालय : कृषि विश्वविद्यालयको स्थापना गरिनु पर्दछ ।
१८. भूमिहीन तथा गरिब किसान वर्गलाई नि:शुल्क जग्गा वितरण : राजपरिवार, ठूला भूमिपति वा धार्मिक प्रतिष्ठान र गुठीको स्वामित्वमा रहेको जमीन वा अचल सम्पत्ति बिना मुआब्जा जफत् गर्ने र भूमिहीन तथा गरिब किसान वर्गलाई नि:शुल्क वितरण गर्नु पर्दछ ।
१९. जसको जोत उसको पोत : जसको जोत उसको पोतको नीति अनुसार जोताहहरूलाई जमीन प्रदान गर्नु पर्दछ ।
२०. मध्यम किसान : मध्यम किसानहरूको हितको रक्षा गर्नु पर्दछ ।
२१. क्रान्तिकारी भूमिसुधार : क्रान्तिकारी भूमिसुधार कार्यक्रम लागु गर्नु पर्दछ ।
२२. कृषि क्रान्तिको कार्यक्रम : कृषि क्रान्तिको कार्यक्रम लागु गर्दै कृषि प्रणालीको आधुनिकीकरण (कृषि सामाग्री तथा यन्त्रहरू, मल, बीउ, भण्डारण तथा कृषि मल उत्पादन आदि) गर्नु पर्दछ ।
२३. कृषिको पूर्वाधारको निर्माण : सिंचाइ, विद्युत, बाटोघाटो, यातायात लगायत कृषिका लागि पूर्वाधार तयार पार्नु पर्दछ ।
२४. वनजङ्गलको संरक्षण : वनजङ्गलको समुचित संरक्षण हुनु पर्दछ ।
२५. कृषि उत्पादनका लागि बजारको व्यवस्था : कृषि उत्पादनका लागि बजारको व्यवस्था गरिनु पर्दछ ।
२६. कृषि उत्पादनको न्यूनतम मूल्य : कृषि उत्पादनको न्यूनतम मूल्य तोकिनु पर्दछ ।

## परिच्छेद-१३
# उद्योग र व्यापार

१. आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको निर्माण : उद्योग, वाणिज्य लगायत देशको समग्र विकाससम्बन्धी विशेष राष्ट्रिय कार्यक्रम तय गरी आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको निर्माण गर्नु पर्दछ ।
२. आधारभूत राष्ट्रिय उद्योग : आधारभूत राष्ट्रिय उद्योगहरूलाई राज्यको स्वामित्व र नियन्त्रणमा सञ्चालन गर्नु पर्दछ ।
३. मिश्रित उद्योग नीति : सरकारी, सहकारी र नीजि अर्थतन्त्र समेतलाई मिलाएर मिश्रित प्रकारको आर्थिक नीति अपनाउनु पर्दछ ।
४. राष्ट्रिय पुँजीपति वर्गलाई प्रोत्साहन र संरक्षण : देशको अर्थतन्त्रलाई विकसित गर्न राष्ट्रिय पुँजीपति वर्गलाई प्रोत्साहित र संरक्षण गर्नु पर्दछ ।

५. व्यापार विविधीकरण : राष्ट्रिय स्वार्थलाई मध्येनजर राखी व्यापार विविधीकरण गर्ने र वैदेशिक व्यापार पारस्परिक हितका आधारमा गर्नु पर्दछ ।

६. पारवहन सुविधा : भूपरिवेष्ठित देशको हैसियतले नेपालले पाउनु पर्ने पारवहन सुविधाको सुनिश्चितताका लागि आवश्यक पहल गर्नु पर्दछ ।

७. बहुराष्ट्रिय सम्पनी : बहुराष्ट्रिय सम्पनीहरू देशको उद्योग र व्यापारमा बहुराष्ट्रिय कम्पनीहरूको प्रभाव र नियन्त्रणलाई समाप्त गरिनु पर्दछ ।

८. जलस्रोतको विकास : देशमा प्रचुर मात्रामा रहेको जलस्रोतको विकास र तिनीहरूलाई राष्ट्रिय हितको पक्षमा अधिकतम प्रयोग गर्नु पर्दछ ।

९. तेस्रो देशसँगको व्यापार : तेस्रो देशसँगको व्यापार बढाउनु पर्दछ ।

१०. कृषि मजदुरहरूका हितहरूका लागि कानुन : मजदुरहरूका हितहरूको रक्षाका लागि कानुन बन्नु पर्दछ ।

११. जीवनोचित मजदुरीको ग्यारेन्टी : मजदुरहरूको जीवनोचित मजदुरीको ग्यारेन्टी हुनु पर्दछ ।

१२. मजदुरहरूका स्वास्थ्य र आवास : मजदुरहरूका स्वास्थ्य र आवास जस्ता सुविधा, घाइते वा मृत्यु हुँदा क्षतिपूर्ति दिने व्यवस्था हुनु पर्दछ ।

१३. औद्योगिक मजदुरहरूको न्यूनतम ज्यालाको निर्धारण : औद्योगिक मजदुरहरूको न्यूनतम ज्याला निर्धारित गरिनु पर्दछ ।

१४. ठेकेदारी प्रथा : उद्योगहरूमा मजदुरहरूलाई ठेकेदारी प्रथा अन्तर्गत काम गराउने प्रणाली बन्द गरिनु पर्दछ ।

१५. मजदुरहरूका लागि पेन्सनको व्यवस्था : विभिन्न प्रतिष्ठान र कारखानामा काम गर्ने मजदुरहरूका लागि पेन्सनको व्यवस्था हुनु पर्दछ ।

१६. कारखानाहरूमा मजदुरहरूको स्वतन्त्र र निष्पक्ष भर्ना : कारखानामा स्वतन्त्र र निष्पक्ष प्रकारले मजदुरहरूलाई भर्ना गर्ने नीति अपनाउनु पर्दछ ।

१७. रोजगारीको ग्यारेन्टी : रोजगारीको ग्यारेन्टी हुनु पर्दछ । वैदेशिक रोजगारीको नाममा भैरहेको भ्रष्टाचार र ठगी बन्द हुनु पर्दछ ।

१८. बेरोजगारी भत्ता : बेरोजगारी भत्ताको व्यवस्था हुनु पर्दछ ।

१९. बेरोजगारी ब्यूरो : बेरोजगारीको समस्याको समाधानका लागि काम गर्न एउटा ब्यूरोको गठन गरिनु पर्दछ ।

२०. विद्युतमा सामुदायीकरणको नीति : सरकारले लागु गरेको विद्युतमा सामुदायीकरणको नीति खारेज गर्नु पर्दछ ।

२१. राष्ट्रिय उद्योग, व्यापारको संरक्षण : राष्ट्रिय उद्योग, व्यापारको संरक्षण हुनु पर्दछ । विदेशी प्रतिस्पर्धाबाट संरक्षणको लागि कडा भन्सार नीति अपनाउनु पर्दछ । राष्ट्रिय अर्थतन्त्रको निर्माण गरिनु पर्दछ ।

२२. द्वन्द्वपीडित रुग्ण उद्योगहरू : द्वन्द्वका कारण रुग्ण हुन पुगेका उद्योगहरूलाई उचित क्षतिपूर्ति वा राहत सहित सञ्चालन गर्नु पर्दछ ।

२३. धातु तथा खनिजहरूका स्रोतहरूको संरक्षण र विकास : देशमा रहेका धातु तथा खनिजहरूका स्रोतहरूलाई राज्यद्वारा संरक्षण गरिनु पर्दछ र तिनीहरूलाई उद्योगका रूपमा विकास गरिनु पर्दछ । तिनीहरूमाथिको विदेशी अतिक्रमण समाप्त गरिनु पर्दछ ।

२४. विश्व व्यापार सङ्गठन : विश्व व्यापार सङ्गठनको सदस्यता खारेज हुनु पर्दछ ।

## परिच्छेद-१४
# विभिन्न वर्ग वा जन स्तरका समस्याहरू

**अ. महिला :**

१. महिलासम्बन्धी भेदभावमूलक ऐन-कानुन : महिलासम्बन्धी सबै भेदभावमूलक ऐन, कानुनहरूको अन्त हुनु पर्दछ ।

२. संयुक्त राष्ट्र सङ्घका महिलासम्बन्धी अभिसन्धिहरूको कार्यान्वयन : सरकारले अनुमोदन गरेका संयुक्त राष्ट्र सङ्घका महिलाप्रतिका भेदभाव उन्मूलन गर्ने सबै घोषणा वा महासन्धिहरूलाई लागु गर्न प्रभावशाली कारवाही गरिनु पर्दछ ।

३. सम्पत्तिमा महिलाहरूलाई समान हक : पैतृक सम्पत्तिमा छोरीलाई छोरासरह समान अंश दिने कार्यलाई व्यवहारत: लागु गर्नु पर्दछ ।

४. सम्पत्तिको व्यवस्थापनमा महिलाहरूलाई समान हक : सम्पत्ति र त्यसको व्यवस्थापनमा महिलाहरूलाई समान अधिकार प्राप्त हुनु पर्दछ ।

५. महिला बेचबिखन र देह व्यापार : महिला बेचबिखन र देह व्यापारमा कडा प्रतिबन्ध लगाउनु पर्दछ ।

६. सम्बन्ध-विच्छेदको स्वतन्त्रता : महिलाहरूलाई सम्बन्ध-विच्छेदका लागि समुचित स्वतन्त्रता प्राप्त हुनु पर्दछ ।

७. सम्बन्ध-विच्छेद वा पुनर्विवाहको अवस्थामा : सम्बन्ध-विच्छेद वा पुनर्विवाहको अवस्थामा महिलाहरूलाई सम्पत्तिमा समान अधिकार हुनु पर्दछ ।
८. गर्भपतनको पूर्ण स्वतन्त्रता : महिलाहरूलाई गर्भपतनको पूर्ण स्वतन्त्रता प्राप्त हुनु पर्दछ ।
९. महिलामाथिको हिंसा : महिलामाथि परिवार वा राज्य पक्षद्वारा गरिने हिंसाको अन्त हुनु पर्दछ ।
१०. महिलाहरुका लागि आरक्षण : शताब्दियौंदेखि महिलाहरूमाथि भएका शोषण, उत्पीडन र भेदभावमाथि ध्यान दिँदै समाजका सबै क्षेत्रहरूमा उनीहरूलाई आरक्षणको व्यवस्था गरिनु पर्दछ ।
११. पारिवारिक अदालत : पारिवारिक अदालतको गठन हुनु पर्दछ ।
१२. महिला आयोग : महिलाहरुका हक, हितको संरक्षणका लागि एउटा महिला आयोगको गठन हुनु पर्दछ ।

**आ. दलित :**

१. छुवाछूत प्रथा : छुवाछूतलाई सामाजिक अपराध घोषित गरेर कडा दण्ड, सजायको व्यवस्था गरिनु पर्दछ ।
२. दलितको आर्थिक, सामाजिक उत्थान : दलितको आर्थिक, सामाजिक उत्थानका लागि विशेष योजना बनाइनु पर्दछ ।
३. आरक्षण र सकारात्मक विभेद : दलित जातिहरूका लागि शिक्षा, स्वास्थ्य, रोजगारी, सार्वजनिक पदहरू वा अन्य सामाजिक अवसरहरूमा आरक्षण प्राप्त हुनु पर्दछ र उनीहरूप्रति सकारात्मक विभेदको नीति अपनाइनु पर्दछ ।

**इ. आदिवासी जनजाति र पिछडिएका जातिहरू**

१. आदिवासी जनजाति वा पिछडिएका जाति : आदिवासी जनजाति वा पिछडिएका जातिहरूप्रतिको शोषण, उत्पीडन वा भेदभावको अन्तका लागि कडा व्यवस्था गरिनु पर्दछ ।
२. आदिवासी जनजातिहरूको भाषा, संस्कृतिको संरक्षण र विकास : जनजातिहरूको भाषा, संस्कृतिको संरक्षण वा विकासका लागि आवश्यक मद्दत गरिनु पर्दछ ।
३. लोपोन्मुख जातिहरूको संरक्षण : राउटे वा कुसुण्डा जस्ता लोपोन्मुख जातिहरूको संरक्षणका लागि प्रयत्न गरिनु पर्दछ ।
४. पिछडिएका जात, जातिहरुको सूचीकरण : मानव विकास सूचकाङ्कका आधारमा पिछडिएका जात/जातिहरूलाई सूचीकृत गरिनु पर्दछ ।
५. स्थानीय जातीय स्वायत्त शासन र जातीय अग्राधिकार : सूचीकृत पिछडिएका जात, जातिहरूका मानिसहरू अत्यधिक वहुसङ्ख्यामा बसोबास गर्ने गाउँहरूमा स्थानीय जातीय स्वायत्त शासन र जातीय अग्राधिकार हुनु पर्दछ ।
६. आदिवासी जनजाति आदिको वैज्ञानिक वर्गीकरण : वैज्ञानिक मापदण्डका आधारमा आदिवासी र जनजातिहरुको वर्गीकरण गरिनु पर्दछ ।

**ई. हिमाली भागका गोठालाहरू :**

हिमाली र उत्तरी पहाडी भागका गोठाला : हिमाली र उत्तरी पहाडी भागका घोडा पालन, भेडा-बाखा चराउने, ठूला साहुका घरमा काम गर्ने मानिसहरूलाई तराईका कमैयालाई जस्तै मुक्त गरेर आवास व्यवस्था गरिनु पर्दछ ।

**उ. तराई मधेशका जनता :**

१. मधेश वा तराईका जनताप्रतिको भेदभाव : मधेश वा तराईका समुदायप्रतिको शोषण, उत्पीडन र भेदभावको अन्त हुनु पर्दछ ।
२. नागरिकताको ग्यारेण्टी : मधेशी समुदायका सबै नेपालीहरूलाई नागरिकताको ग्यारेन्टी हुनु पर्दछ ।
३. सबै क्षेत्रमा समानता : तराई र मधेशका जनतालाई सबै क्षेत्रमा समानता प्राप्त हुनु पर्दछ ।
४. विभिन्न जनसमुहहरुका हितहरूको रक्षा : युवक, विद्यार्थी, शिक्षक, प्राध्यापक, न्यून वैतनिक कर्मचारी : युवा, विद्यार्थी, शिक्षक, प्राध्यापक, न्यून वैतनिक कर्मचारी आदि सबैका हक-हितहरूको रक्षा हुनु पर्दछ । उनीहरूका न्यायपूर्ण मागहरू पूरा हुनु पर्दछ ।

**ऊ. बालबालिका :**

१. बालबालिका : बालबालिकाहरूका हित र अधिकारहरूको सुरक्षाका लागि आवश्यक कानुन बन्नु पर्दछ ।
२. बालबालिकाका हक र हितसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि : बालबालिकाका हक र हितसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिहरूको कार्यान्वयन गरिनु पर्दछ र त्यस अनुसार कानुनको निर्माण गरिनु पर्दछ ।

३. बालश्रम : बालश्रममाथि रोक लगाइनु पर्दछ ।
४. बालबालिकाहरूलाई यातायातका साधनहरूमा सुविधा : ५ वर्षभन्दा माथिका र १२ वर्षमुनिका बालबालिकाहरूलाई बस सहित सबै यातायातका साधनहरूमा आधा भाडा माफ हुनु पर्दछ ।
५. बालबालिकाको चोरी, अपहरण, हत्या : बालबालिकाको चोरी, अपहरण, हत्यामा नियन्त्रणका लागि प्रभावशाली कदम उठाउनु पर्दछ र अपराधीहरूलाई कडा सजाय गरिनु पर्दछ ।

**ए. जेष्ठ नागरिक :**

१. जेष्ठ नागरिक, नाबालक, असहाय, विधवा : जेष्ठ नागरिकका हक, हितको रक्षा, सहयोग, कल्याण र रक्षाका लागि विशेष व्यवस्था गरिनु पर्दछ । त्यसका लागि आवश्यक कानुन बन्नु पर्दछ ।
२. बृद्धाश्रम : विद्यमान बृद्धाश्रमको अवस्थामा सुधार गरिनु पर्दछ र देशका विभिन्न भागहरूमा वृद्धाश्रमको व्यवस्था गरिनु पर्दछ ।

**ऐ. अपाङ्ग :**

अपाङ्गहरूका हित र अधिकारका लागि समुचित व्यवस्था गरिनु पर्दछ ।

**ओ. तेस्रो लिङ्गी :**

तेस्रो लिङ्गीका हित, सामाजिक प्रतिष्ठा र अधिकारको संरक्षण गरिनु पर्दछ ।

**औ. जेल बन्दी :**

१. जेलबन्दीहरूका हक र अधिकारहरूको रक्षा हुनु पर्दछ र जेलहरूको आधुनिकीकरण गरिनु पर्दछ ।
२. जेलभित्रको भ्रष्टाचार र सवैप्रकारका अन्यायपूर्ण कारवाहीहरू बन्द हुनु पर्दछ ।

## परिच्छेद-१५
## विकास कार्यहरू

१. विकेन्द्रियता र सन्तुलित विकास नीति : विकेन्द्रित सन्तुलित विकास नीति अपनाउनु पर्दछ । पिछडिएका क्षेत्रहरूको शताब्दियौँदेखिको पिछडिएको उपेक्षा र पिछडिएको अवस्थाको क्षतिपूर्तिका रुपमा त्यहाँको विकासमा विशेष ध्यान दिनु पर्दछ ।
२. बेरोजगारहरूका लागि काम : बेरोजगारहरूका लागि कामको सुनिश्चितता प्रदान गर्नु पर्दछ ।
३. युवा श्रम शक्तिको विदेश पलायन : युवा श्रम शक्तिको विदेश पलायनलाई निरुत्साहित पार्न प्रयत्न गर्नु पर्दछ र देशभित्र नै उनीहरूका लागि रोजगारीको व्यवस्था गरिनु पर्दछ ।
४. उत्तर-दक्षिण मोटरबाटाहरूको निर्माण : हिमाली भेग र तराईलाई जोड्ने उत्तर-दक्षिण मोटरबाटाहरूको निर्माण गरिनु पर्दछ ।
५. पूर्व र पश्चिम रेलमार्गको निर्माण : पूर्व र पश्चिम जोड्ने रेलमार्गको निर्माण गरिनु पर्दछ ।
६. मध्य पहाडमा पूर्व-पश्चिम राजमार्गको निर्माण : मध्य पहाडमा पूर्व-पश्चिम राजमार्गको निर्माण हुनु पर्दछ ।
७. पिछडिएका र दुर्गम क्षेत्रहरूको विकास : कर्णाली अञ्चल सहित सबै पिछडिएका र दुर्गम क्षेत्रहरूको विकास कार्यलाई विशेष प्राथमिकता दिनु पर्दछ ।
८. विद्युत उत्पादन तथा सिंचाइको विकास : जलस्रोतको व्यापक सदुपयोग गरी विद्युत उत्पादन तथा सिंचाइको विकासका लागि राज्यद्वारा योजना बनाइनु पर्दछ ।
९. दुर्गम पहाडी र हिमाली भेगको विकास : दुर्गम पहाडी तथा हिमाली भेगका जनतालाई विद्युत, यातायात, खानेपानी, सिंचाइ, शिक्षा लगायत बजार प्रवर्धनको उचित व्यवस्था गरी त्यो क्षेत्रको विकासमा जोड दिनु पर्दछ ।
१०. पिछडिएका क्षेत्रको सर्वाङ्गिण विकास : पिछडिएका क्षेत्रको सर्वाङ्गिण विकासका लागि योजनावद्ध प्रकारले काम गरिनु पर्दछ ।
११. दुर्गम गाउँहरूमा सुपथ मूल्यका पसलहरू : दुर्गम तथा पिछडिएका गाउँहरूमा सुपथ मूल्यका पसलहरू खोलिनु पर्दछ ।
१२. लोडसेडिङमाथि नियन्त्रण : विद्युत पूर्तिको आवश्यक व्यवस्था गरेर लोडसेडिङमाथि नियन्त्रण गरिनु पर्दछ ।
१३. पेट्रोल, मट्टितेलको कमी : पेट्रोल, मट्टितेलको कमीको समस्यालाई समाधान गर्नका लागि प्रभावशाली तरिका अपनाउनु पर्दछ ।

१४. राजधानीका तात्कालिक आवश्यकताहरू : राजधानीमा निम्न तात्कालिक कार्यहरूमा व्यवस्थापनका लागि विशेष ध्यान दिइनु पर्दछ :

(क) प्रदूषणको नियन्त्रण ।

(ख) फोहोरमैलाको व्यवस्थापन ।

(ग) नदीहरूको शुद्धीकरण ।

(घ) खानेपानीको व्यवस्था ।

(ङ) विद्युतको व्यवस्था ।

(च) ट्राफिक जाममा सुधारका लागि आवश्यक व्यवस्था ।

(छ) अपराधमाथि नियन्त्रण

(ज) बसोवास र पुनर्वासको व्यवस्था

## परिच्छेद-१६
## शिक्षा नीति

१. शिक्षा नीति : राष्ट्रिय, वैज्ञानिक र जनवादी शिक्षा नीति लागु गर्नु पर्दछ ।

२. अनिवार्य र नि:शुल्क माध्यमिक शिक्षा : माध्यमिक तहसम्म शिक्षा अनिवार्य र नि:शुल्क हुनु पर्दछ ।

३. उच्च शिक्षा : उच्च शिक्षालाई सरल र सुलभ बनाउने, राष्ट्रिय आवश्यकता अनुसार विशेषीकृत (क्उभअष्बष्किभम) गर्दै जानु पर्दछ ।

४. शैक्षिक ऋणको व्यवस्था : उच्च शिक्षाका लागि शैक्षिक ऋणको व्यवस्था हुनु पर्दछ ।

५. विद्यार्थीहरूलाई सवारी साधनहरूमा सहुलियत : विद्यार्थीहरूलाई सवारी साधनमा दिइने सहुलियत देशव्यापी रूपमा लागु गरिनु पर्दछ ।

६. पिछडिएका क्षेत्र, जाति वा समुहका लागि विशेष छात्रवृत्ति : दूरवर्ती र दुर्गम क्षेत्र, पिछडिएका र दलित जाति, महिला आदिका लागि विशेष छात्रवृत्तिको उचित व्यवस्था हुनु पर्दछ ।

७. उच्च शिक्षण संस्थाहरूको व्यवस्था : बढ्दो जनसङ्ख्या अनुसार उच्च शिक्षण संस्थाहरूको व्यवस्था हुनु पर्दछ ।

८. परीक्षा प्रणालीमा सुधार : अवैज्ञानिक परीक्षा प्रणालीमा सुधार हुनु पर्दछ ।

९. निजीकरण र शिक्षाको व्यापारीकरण : निजीकरण र शिक्षाको व्यापारीकरण बन्द हुनु पर्दछ ।

१०. सरकारी स्कुलहरूको शिक्षाको स्तर : सरकारी स्कुलहरूको शिक्षाको स्तर उठाउन प्रयत्न गरिनु पर्दछ ।

११. सरकारको शैक्षिक दायित्व : शिक्षाको पूर्ण दायित्व सरकारले लिनु पर्दछ । शिक्षामा सामुदायीकरण गरेर राज्य शिक्षाको दायित्वबाट पन्छिने नीति खारेज हुनु पर्दछ ।

१२. प्राविधिक शिक्षाको विकास : प्राविधिक शिक्षाको विकासमा विशेष जोड दिइनु पर्दछ ।

१३. पुस्तकालयको समुचित व्यवस्था : विद्यालय र क्याम्पसहरूमा पुस्तकालयको समुचित व्यवस्था हुनु पर्दछ ।

## परिच्छेद-१७
## स्वास्थ्य नीति

१. सर्वसाधारणलाई नि:शुल्क स्वास्थ्य सेवा : सर्वसाधारण तथा विपन्न तथा असहाय, असक्त, अपाङ्गलाई नि:शुल्क स्वास्थ्य सेवा उपलब्ध गराइनु पर्दछ ।

२. आधारभूत स्वास्थ्य : आधारभूत स्वास्थ्यको जिम्मेवारी राज्यले लिनु पर्दछ ।

३. सस्तो तथा सर्वसुलभ स्वास्थ्य सेवा : सस्तो तथा सर्वसुलभ स्वास्थ्य सेवा प्रदान गर्नु पर्दछ ।

४. स्वास्थ्य सेवाको निजीकरणको विरोध : स्वास्थ्य सेवाको निजीकरण र व्यापारीकरण बन्द गरिनु पर्दछ ।

५. सरकारी अस्पतालहरुको अवस्थामा सुधार : सरकारी अस्पतालहरूमा स्वास्थ्य सेवाको स्तरमा सुधार गरिनु पर्दछ ।

## परिच्छेद-१८
## पर्यावरण :

१. पर्यावरणको रक्षा : पर्यावरणको रक्षाका लागि ठोस राष्ट्रिय नीति बनाइनु पर्दछ ।
२. वनजङ्गलको रक्षा : वनजङ्गलको रक्षाका लागि प्रभावशाली कदम उठाइनु पर्दछ ।
३. महाभारत, चुरे आदिको संरक्षण : महाभारत, चुरे पहाडको अनियन्त्रित रूपले भइरहेको उत्खनन र क्षतिलाई रोक्न कडा कदमहरू उठाइनु पर्दछ ।
४. पर्यावरणमा बाधा नपुग्ने गरेर उद्योगहरूको स्थापना : पर्यावरणमा बाधा नपुग्ने गरेर उद्योगहरूको स्थापना गरिनु पर्दछ वा तिनीहरूमाथि प्रतिबन्ध लगाइनु पर्दछ ।
५. पर्यावरणको पक्षमा शिक्षा वा जनचेतना : पर्यावरणको पक्षमा शिक्षा वा जनचेतनाको विस्तारका लागि प्रयत्न गरिनु पर्दछ ।
६. पर्यावरणको रक्षाका लागि कानुन : पर्यावरणको रक्षाका लागि कानुनहरू बनाइनु पर्दछ ।

## परिच्छेद-१९
## पर्यटन

१. पर्यटन व्यवसायको विकास : पर्यटन क्षेत्रमा विकासका सम्भावनाहरूको अनुसन्धान गरी पर्यटन व्यवसायलाई विकसित गरिनु पर्दछ ।
२. पर्यटनका सबै सम्भावनाहरूको उपयोग : पर्यटनका सबै सम्भावनाहरूको उपयोग र विकास गरिनु पर्दछ ।
३. पर्यटन व्यवसायको व्यवस्थापन : देशको सुरक्षा, पर्यावरणमा बाधा पुग्न नदिन र प्रदुषण बढ्न नदिन सावधानी पूर्वक पर्यटनसम्बन्धी नीति अपनाउन प्रयत्न गर्नु पर्दछ ।
४. पर्यटनको राष्ट्रिय अर्थतन्त्रका अङ्गको रूपमा विकास : पर्यटन व्यवसायलाई राष्ट्रिय अर्थतन्त्रमा टेवा पुऱ्याउने गरी आकर्षक ढङ्गले सञ्चालन गर्नु पर्दछ ।
५. पुरातात्विक, ऐतिहासिक र धार्मिक महत्वका स्थानहरूको निर्माण : पुरातात्विक, ऐतिहासिक र धार्मिक महत्वका स्थानहरूको संरक्षण, पुनर्निमाण र विकास गरी पर्यटनको विकासका लागि प्रयत्न गरिनु पर्दछ ।
६. महत्वपूर्ण प्राकृतिक स्थानहरूको चुनाव : पर्यटकीय दृष्टिले महत्वपूर्ण प्राकृतिक स्थानहरूको चुनाव गरेर त्यहाँ पर्यटकीय दृष्टिले आवश्यक पूर्वाधार निर्माण पार्ने कार्य गरिनु पर्दछ ।
७. ग्रामिण पर्यटन : ग्रामीण पर्यटनको विकासका लागि देशव्यापी रूपमा पहल गरिनु पर्दछ ।
८. 'होमस्टे' को व्यवस्था : पर्यटनको विकासका लागि ग्रामिण क्षेत्रहरूमा 'होमस्टे' को व्यवस्था गरिनु पर्दछ ।
९. पूर्वाधारहरूको निर्माण : ग्रामिण र राष्ट्रिय महत्वका पर्यटनका लागि पूर्वाधारहरूको निर्माण गर्नु पर्दछ ।
१०. जिल्ला स्तरमा गुरुयोजना : पर्यटनका लागि जिल्ला स्तरमा गुरुयोजना बनाइनु पर्दछ ।
११. राष्ट्रिय उद्योगको रूपमा विकास : पर्यटनलाई राष्ट्रिय उद्योगको रूपमा विकास गरिनु पर्दछ ।

## परिच्छेद-२०
## भाषा, संस्कृति र धर्म

१. राज्यलाई धर्मनिरपेक्ष राज्य : राज्यलाई धर्मनिरपेक्ष घोषणा गरिनु पर्दछ र नागरिकहरूलाई धर्म मान्ने वा नमान्ने धार्मिक स्वतन्त्रता प्राप्त हुनु पर्दछ ।
२. समान भाषा : सबै भाषाहरूप्रति समान नीति अपनाउनु पर्दछ । कुनै एउटा भाषालाई विशेषाधिकार दिने व्यवस्था खारेज हुनु पर्दछ । सबै भाषाहरूलाई विकासको अवसर र मद्दत प्रदान गरिनु पर्दछ ।
३. नेपाली भाषा सम्पर्क भाषा : नेपाली भाषालाई सम्पर्क भाषा बनाइनु पर्दछ । त्यो सरकारी कामकाजको भाषा पनि हुनेछ ।
४. द्वितीय सरकारी कामकाजको भाषा : कुनै प्रदेशमा बहुसङ्ख्यक जनताले बोल्ने भाषा द्वितीय सरकारी कामकाजको भाषा हुनेछ ।
५. पुरातात्विक सम्पदाको संरक्षण : पुरातात्विक सम्पदाको संरक्षणमा विशेष ध्यान दिइनु पर्दछ ।
६. संस्कृतिको रूपान्तरणमा जोड : संस्कृतिको प्रगतिशील र जनवादी रूपान्तरमा जोड दिनु पर्दछ ।

## परिच्छेद-२१

## विविध

१. महङ्गी र नाफाखोरी : महङ्गी र नाफाखोरीमाथि नियन्त्रण गरिनु पर्दछ ।

२. राष्ट्रिय सुरक्षा आयोग : प्रधानमन्त्री अध्यक्ष, रक्षामन्त्री सदस्य र गृहमन्त्री सदस्य रहने व्यवस्था भएको एउटा राष्ट्रिय सुरक्षा आयोगको गठन गरिने छ, जसले नेपाली सेनाको परिचालन र सञ्चालन, सेनाका प्रमुख पदाधिकारीको नियुक्ति, बढुवा वा अवकाश, युद्धको घोषणा, सेना तथा हतियार सम्बन्धी महत्वपूर्ण विषयहरूमा मन्त्रीपरिषद्‌लाई सिफारिस गर्ने व्यवस्था हुनेछ ।

३. सशस्त्र द्वन्द्व कालका दोषीहरूलाई सजाय : सशस्त्र द्वन्द्व कालमा राज्य र माओवादीहरूद्वारा निशस्त्र जनतामाथि ज्यादतिको छानविन गरेर दोषीहरूलाई सजाय गरिनु पर्दछ । उनीहरूका मानवताका विरुद्धका सबै अपराधहरूका लागि सजाय हुनु पर्दछ । उनीहरूद्वारा जनताका लुटिएका सम्पत्ति कब्जा गरिएका जग्गाजमिन फिर्ता गरिनु पर्दछ ।

४. द्वन्द्वपीडित, सर्वसाधारणका परिवारहरूलाई क्षतिपूर्ति, सहायता वा पुनर्स्थापनाको व्यवस्था : सशस्त्र द्वन्द्वका क्रममा सेना वा माओवादीहरूद्वारा मारिएका सर्वसाधारण व्यक्तिका परिवार, घाइते, विस्थापित आदिलाई क्षतिपूर्ति, सहायता वा पुनर्स्थापनाको व्यवस्था हुनु पर्दछ ।

५. सहिद भएका व्यक्तिहरूका परिवारको भरणपोषण : जनआन्दोलनमा सहिद भएका व्यक्तिहरूका परिवारको भरणपोषणको व्यवस्था गरिनु पर्दछ र घाइतेहरूका लागि उपचार वा आवश्यक क्षतिपूर्तिको व्यवस्था गर्नु पर्दछ ।

६. खारेज गरिएका मुद्दाहरूमा पुनः कार्यवाहीको आवश्यकता : सशस्त्र द्वन्द्व कालमा जनसाधारणमाथि गरिएका अपराध सम्बन्धी मुद्दाहरूलाई खारेज गर्न विभिन्न मन्त्रीमण्डलहरुले गरेका निर्णयहरु खारेज गरी पुनः ती मुद्दाहरुबारे कारवाही सुरु गरिनु पर्दछ ।

भाग ३

## परिच्छेद-२२

## आधारभूत कार्यक्रम र नीति

(क) अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्थामा आमूल परिवर्तनको आवश्यकता :

आज देश अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्थामा छ । त्यो अवस्थामा आमूल परिवर्तन नभैकन देशमा वास्तविक अर्थमा जनतन्त्रको स्थापना, राष्ट्रियताको रक्षा, समुचित आर्थिक-सामाजिक विकास, राष्ट्रिय उद्योग तथा कृषिको विकास, मजदुर, किसान, महिला, युवक, जनजाति, दलित जाति, अपाङ्ग, तेस्रो लिङ्गी, मधेशी समुदाय, पिछडिएका क्षेत्र अल्पसङ्ख्यक समुदाय तथा आप्रावासी र प्रवासी नेपालीहरू समेत सबै शोषित, उत्पीडित वर्ग वा जनमुदायहरूको समस्याहरूको समाधान तथा उनीहरूको अवस्थामा सुधार सम्भव छैन । त्यसकारण विद्यमान अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्थामा आमूल परिवर्तन र त्यसका ठाउँमा जनवादी व्यवस्थाको स्थापना आजको देशको आधारभूत र ऐतिहासिक आवश्यकता हो ।

(ख) कृषिमाथिको सामन्ती प्रभुत्वको अन्तको आवश्यकता :

हाम्रो देश कृषिप्रधान अवस्थामा छ र बहुसङ्ख्यक जनताको जीवन निर्वाह तथा अर्थतन्त्रको आधार कृषि नै हो । तर एकातिर, सामन्ती र, अर्कोतिर, औपनिवेशिक प्रकारको शोषणका कारणले कृषि क्षेत्र पिछडिएको अवस्थामा छ । जमिनको ठूलो भागमा सामन्ती वर्गको स्वामित्व छ । किसान कैयौँ प्रकारका शोषण, उत्पीडन, भ्रष्टाचार, अन्याय-अत्याचार आदिको शिकार हुनु परेको छ । ती सबैको परिणामस्वरूप कृषि उत्पादन र विकास तथा सम्पूर्ण अर्थतन्त्रमाथि अत्यन्त नकारात्मक असर परेको छ । त्यो अवस्थामा उत्पादक शक्तिहरूलाई सामन्ती प्रभुत्वबाट मुक्त गर्ने, मेहनतकश किसानहरूलाई जमिनको मालिक बनाउने, कृषिको आधुनिकीकरण गर्ने कार्यहरूले निर्णयात्मक महत्व राख्दछन् ।

(ग) राष्ट्रिय अर्थतन्त्र र उद्योग व्यापारको संरक्षण :

कृषिमाथि आधारित अर्थव्यवस्था समग्र रूपमा कुनै देशको पिछडिएको अवस्थाको परिचायक हो । त्यो अवस्थामा सुधार देशको औद्योगिकीकरण बिना सम्भव छैन । तर एकातिर, देशमा विद्यमान सामन्ती प्रभुत्व, अर्कोतिर, बहुराष्ट्रिय पुँजीको प्रभाव, विदेशी उद्योगहरूसितको कडा प्रतिस्पर्धा, तथा साम्राज्यवादी देशहरूद्वारा तेस्रो संसारका पिछडिएका र विकासोन्मुख देशहरूको उद्योग तथा अर्थतन्त्रमा प्रभुत्व कायम गर्ने सङ्गठित षडयन्त्र र भूमण्डलीकरण समेतका कारणले पनि देशको औद्योगिकीकरणमा बाधा पुगिरहेको छ । विश्व व्यापार सङ्गठन र भूमण्डलीकरणका कारणले त्यस प्रकारको प्रभुत्व अरू गम्भीर र व्यापक रूप लिँदै गैरहेको छ । देशको जे जति औद्योगिकीकरण भएको छ, त्यसमा पनि विदेशी वा बहुराष्ट्रिय पुँजीको भूमिका बढ्दै गैरहेको छ । त्यस प्रकारको औद्योगिकीकरण होइन, राष्ट्रिय उद्योगहरूको विकासका आधारमा नै देशको आर्थिक विकास हुन सक्दछ । त्यसकारण बहुराष्ट्रिय पुँजीको विरोध, विदेशी प्रतियोगिताबाट संरक्षणका आधारमा राष्ट्रिय उद्योगको विकासद्वारा नै कृषि तथा देशको आर्थिक विकास सम्भव छ ।

### (घ) अर्धसामन्ती र अर्धऔपनिवेशिक व्यवस्थाको सम्पूर्ण राष्ट्रिय जीवनमा नकारात्मक असर :

देशमा अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्थाको नकारात्मक असर कृषि र उद्योग बाहेक आर्थिक र सामाजिक जीवनका अन्य कैयौं क्षेत्रहरूमा पनि परेको छ । देशको विकास अत्यन्त कम र असन्तोषजनक प्रकारले भैरहेको छ । देशमा विदेशी ऋणको बोझ र त्यसका साथै विदेशी हस्तक्षेप बढ्दै गैरहेको छ र त्यसबाट देशको सम्पूर्ण सार्वभौमिकता र राष्ट्रियता प्रभावित भैरहेको छ । हाम्रो सम्पूर्ण अर्थतन्त्र आर्थिक प्रकारले मात्र होइन, राजनैतिक प्रकारले पनि विदेशमुखी बन्दै गैरहेको छ । देशमा जे जति विकास भैरहेको छ, त्यो पनि अत्यन्त कम, ढिला र असन्तोषजनक प्रकारले भैरहेको छ । जे जति विकास भैरहेको छ, त्यसबाट पनि आम जनता र सम्पूर्ण देशलाई कम र मुट्ठीभर उच्च वर्गीय, समाजविरोधी, भ्रष्ट तत्वहरू, सामन्त र दलाल पुँजीपति वर्ग, तस्कर तथा भ्रष्ट नोकरशाहलाई नै फाइदा पुगिरहेको छ । देशका दूरवर्ती र ग्रामीण क्षेत्रको विकास अत्यन्त पछाडि परिरहेको छ । भाषा, संस्कृतिमा पतनोन्मुख पुँजीवादी छाडावादको प्रभाव बढ्दै गैरहेको छ । विदेशी मुख्यत: भारतीय जनसङ्ख्याको अतिक्रमणबाट वा देशको सम्पूर्ण आर्थिक र सामाजिक जीवन असन्तुलित बन्दै गैरहेको छ । त्यसबाट अब देशको सार्वभौमिकता र राष्ट्रियताका अगाडि खतरा बढ्दै गैरहेको छ । नागरिकतासम्बन्धी गलत नीतिले त्यो खतरालाई झन् बढाएको छ । जन्मका आधारमा नागरिकता, त्यसरी नागरिकता प्राप्त गरेका व्यक्तिहरूका उनीहरूले नागरिकता प्राप्त गर्नुभन्दा पहिले जन्मेका सन्तानहरूलाई वंशजको नागरिकता बिना पनि मतदानको अधिकार आदिका कारणले नेपालमा नेपालीहरू नै अल्पमतमा पर्ने र त्यसपछि देश फिजी बन्ने सम्भावना र खतरा पैदा भएको छ । शिक्षासम्बन्धी राष्ट्रिय र बैज्ञानिक नीतिको अभावमा शिक्षाबाट स्वस्थ राष्ट्रिय चेतना र चरित्रको विकास हुनुको सट्टा राष्ट्रिय चिन्तन र चरित्रमा नै कैयौं प्रकारका विकृतिहरू देखा पर्दै गैरहेका छन् । यसरी सम्पूर्ण रूपमा के भन्न सकिन्छ भने देशमा विद्यमान प्रतिक्रियावादी र जनविरोधी आर्थिक, सामाजिक तथा राजनैतिक व्यवस्था देशको विकासमा बाधा स्वरूप भएर उभिएको छ ।

### (ङ) सबै शोषित, पीडित जनसमुदाय वा क्षेत्रहरूको अवस्थामा सुधारमा जोड :

उपर्युक्त प्रकारको देशको आर्थिक, राजनैतिक अवस्थाका कारण देशमा सम्पूर्ण शोषित, उत्पीडित, मेहनतकश जनता, मजदुर, किसान, महिला, दलित, जनजाति, विद्यार्थी, युवक, शिक्षक, प्राध्यापक, डाक्टर, नर्स, वकिल, बुद्धिजीवी, लेखक, कलाकार, न्यूनवैतनिक कर्मचारी, अपाङ्ग, मुसलमान सहित विभिन्न अल्पसङ्ख्यक समूह, मधेशी समुदाय, पिछडिएका क्षेत्र, प्रवासी नेपालीहरूको जीवनको अवस्था वा हितहरू नराम्ररी प्रभावित भएका छन् । जनआन्दोलनको परिणामस्वरूप देशको राजनैतिक स्थितिमा कैयौंपल्ट परिवर्तन हुने गरेको छ । तर जनताको अवस्थामा कुनै उल्लेखनीय परिवर्तन हुने गरेको छैन । आज पनि देशमा संयुक्त राष्ट्र सङ्घका मानव अधिकारसम्बन्धी र स्वयं नेपाल सरकारले अनुमोदन गरेका घोषणा पत्र वा अभिसन्धिहरूका विरुद्ध मानव अधिकारसित मेल नखाने कैयौं मध्ययुगीन प्रकारका कानुनहरू विद्यमान छन्, जसले गर्दा कैयौं जनसमूहहरू नराम्ररी प्रभावित छन् । विभिन्न सरकारहरूद्वारा गरिएका भूमिसुधारसम्बन्धी कैयौं घोषणाहरूका बाबजुद किसानहरूको अवस्थामा कुनै खास सुधार भएको छैन । मजदुरहरूका हितहरू वा सुरक्षाका लागि कुनै प्रभावशाली कानुन बनेका छैनन् वा जे जति कानुन बनेका छन्, तिनीहरूलाई लागु गर्न पनि कुनै प्रभावशाली व्यवस्था छैन । जनजातिहरूको भाषा, संस्कृतिको संरक्षण र विकास तथा उनीहरूलाई स्थानीय स्वायत्त शासनको अधिकार प्रदान गर्नेतिर अत्यन्त उपेक्षाको नीति अपनाइएको छ । दलितमाथिको छुवाछुत प्रथा कायम नै छ । महिलाहरूलाई सम्पत्तिमाथि समान अधिकार कायम हुन सकेको छैन र परिवारभित्र विभिन्न प्रकारका हिंसात्मक व्यवहारहरू कायम नै छन् । शिक्षा र विद्यार्थीहरूको अवस्थामा सुधारका लागि अझै पर्याप्त काम हुन सकेको छैन । मधेश वा तराईका जनतासित कैयौं प्रकारले भेदभाव गरिन्छ । कर्णाली क्षेत्र सहित दुर्गम, पहाडी र हिमालय क्षेत्रको विकासमा पर्याप्त ध्यान दिइएको छैन । न्यून वैतनिक कर्मचारीहरूको न्यायपूर्ण हकहरू सुरक्षित छैनन् । अन्य जनवर्ग वा स्तरका हितहरू पनि सुरक्षित छैनन् । देशमा बारम्बार भएका कैयौं राजनैतिक परिवर्तनहरूका बाबजूद वहुसङ्ख्यक जनताको अवस्थामा उल्लेखनीय सुधार भएको छैन । त्यसैले विद्यमान आर्थिक, सामाजिक अवस्थामा आमूल परिवर्तन नभैकन उनीहरूका न्यायपूर्ण हक र अधिकार प्राप्त हुन नसक्ने तथा उनीहरूको अवस्थामा सुधार हुन नसक्ने कुरा दिनको उज्यालो जस्तो छर्लङ्ग भएको छ । उपर्युक्त अवस्थामा आमूल परिवर्तन आजको राष्ट्रिय आवश्यकता भएको छ ।

### (च) नयाँ जनवादी व्यवस्थाको स्थापना ऐतिहासिक आवश्यकता :

देशमा विद्यमान अर्धसामन्ती र अर्धऔपनिवेशिक व्यवस्था कायम हुँदासम्म देश तथा जनताका समस्याहरूको वास्तविक समाधान सम्भव छैन । त्यसका लागि देशमा बहुसङ्ख्यक जनताका हितहरूको प्रतिनिधित्व गर्ने नयाँ जनवादी व्यवस्थाको स्थापना हुनु ऐतिहासिक आवश्यकता हो । नयाँ जनवादी व्यवस्थाको स्थापनापछि नै देशको राष्ट्रियता, जनतन्त्र, राष्ट्रिय विकास, कृषिको अवस्थामा सुधार र राष्ट्रिय उद्योगहरूको विकास तथा विभिन्न शोषित, पीडित वर्ग, जनसमुदायहरू र स्तरको अवस्थामा आमूल परिवर्तन सम्भव छ । तर देशमा विद्यमान अर्धसामन्ती व्यवस्थामा आमूल परिवर्तन र नयाँ जनवादी व्यवस्थाको स्थापना सबै शोषित, उत्पीडित, मेहनतकश जनता र देशभक्त जनतान्त्रिक, वामपन्थी र प्रगतिशील वर्ग,

जनसमुदाय वा राजनैतिक शक्तिहरूको व्यापक ऐक्यवद्धता तथा जनसमुहको क्रान्तिकारी भूमिकाद्वारा मात्र सम्भव छ । त्यसका लागि सबै देशभक्त, जनतान्त्रिक र वामपन्थी शक्तिहरूको रणनैतिक संयुक्त मोर्चा बन्नु आवश्यक छ । त्यसकारण हाम्रो पार्टीले सबै क्रान्तिकारी वर्ग, जनसमुदाय वा देशभक्त, जनतान्त्रिक र वामपन्थी शक्तिहरूको ऐक्यवद्धताका आधारमा संयुक्त मोर्चाको निर्माणमा जोड दिन्छ र त्यो उद्देश्य पूर्तिका लागि बढीभन्दा बढी योगदान दिने राष्ट्रिय जनमोर्चाको नीति हुनेछ ।

(छ) जनताका तात्कालिक समस्याहरूको समाधानका लागि संविधान सभाको चुनावमा सहभागिता :

२०६४ सालको राष्ट्रिय जनमोर्चाको घोषणा पत्रमा भनिएको थियो : "विद्यमान अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्थामा आमूल परिवर्तन र त्यसका ठाउँमा जनवादी व्यवस्थाको स्थापना आजको देशको आधारभूत र ऐतिहासिक आवश्यकता हो ।" त्यो घोषणा पत्रको अन्तमा भनिएको छ : "अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्था र त्यसमाथि अडेका आर्थिक, सामाजिक तथा राजनैतिक संरचनामा आमूल परिवर्तन र नयाँ जनवादी व्यवस्थाको स्थापना भएपछि नै देश र जनताका आधारभूत समस्याहरूको समाधान सम्भव छ । तैपनि जनताको सङ्गठन, आन्दोलन र जनमतको दबाबद्वारा विद्यमान आर्थिक-सामाजिक संरचनाका सीमाभित्र पनि अंशत: जनताका कैयौं न्यायपूर्ण मागहरू पूरा गराउनु सम्भव छ । त्यस प्रकारको पृष्ठभूमिमा राष्ट्रिय जनमोर्चाले एकातिर, वर्तमान अवस्थामा आमूल परिवर्तनका लागि आधार तयार पार्न सङ्घर्ष गर्दै, अर्कोतिर, तात्कालिक रूपमा पनि देश र जनताका समस्याहरूको अधिकतम समाधानका लागि सङ्घर्ष गर्नेछ ।" चुनाव घोषणा पत्रमा यो पनि लेखिएको थियो : "ती उद्देश्यहरू पूरा गर्न नै राष्ट्रिय जनमोर्चाले संविधान सभाको चुनावमा भाग लिदैछ । त्यसका लागि संविधान सभाको समानुपातिक र बहुमतीय दुवै निर्वाचन प्रणालीका लागि देशव्यापी रूपमा आफ्ना उमेदवारहरू खडा गरेको छ । हाम्रो पार्टीका निर्वाचित उमेदवारहरूले पार्टीका उद्देश्य, नीति वा घोषणा पत्रमा लेखिए अनुसार देश र जनताका व्यापक हित, गणतन्त्र, देशको राष्ट्रियता, सार्वभौमिकता र अखण्डताका पक्षमा, सङ्घीयताको विरुद्धमा तथा जनताका प्रगतिशिल र न्यायपूर्ण मागहरूको पक्षमा इमान्दारिता र दृढतापूर्वक काम गर्नेछन् भन्ने प्रतिवद्धता प्रकट गर्दै त्यो चुनावमा हाम्रा उमेदवारहरूलाई आफ्नो अमूल्य मत दिएर विजयी बनाउन राष्ट्रिय जनमोर्चाले सम्पूर्ण जनतासित विनम्र अनुरोध गर्दछ ।" त्यो बेला हाम्रो चुनाव घोषणा पत्रमा लेखिएका ती कुराहरू अहिलेको संविधान सभाको चुनावको सन्दर्भमा पनि सही छन् । त्यही आधारमा हाम्रो पार्टीले राष्ट्रिय जनमोर्चाका प्रत्यक्ष र अप्रत्यक्षतर्फका उम्मेदवारहरूलाई आफ्नो अमूल्य मत दिएर विजयी बनाउन सम्पूर्ण जनतासित अपिल गर्दछ ।

(समाप्त)